जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ४५, २०७६ साल चैत ७ गते शुक्रबार, नेपाल संवत् ११४० (March . 20, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

### बिलमा जरिवाना नलाग्ने

काठमाडौं । सरकारले मालपोत, विद्युत, यातायात जस्ता सरकारी कार्यालयमा पनि बिल तिर्न ढिला भए जरिवाना नलाग्ने निर्णय गरेको छ ।

गृह मन्त्रालयमा बिहीबार बसेको बैठकले विलम्ब शुल्क लाग्ने अवस्था भएमा सरकारले मिनाह गर्ने व्यवस्था मिलाउने आग्रह गर्दै भीडभाडमा नजान सर्वसाधारणलाई आग्रह गर्ने निर्णय गरेको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जनाएका छन् । पोखरेलले जरिवाना लाग्ने अवस्था भए, जरिवाना शुल्क सरकारले मिनाह गरिदिने बताए ।

### राखेप-एन्फा जुहारी


काठमाडौं । कोरोना भाइरसका कारण विश्वभरका विभिन्न मुलुकमा आयोजना हुने खेल गतिविधिहरू पनि स्थगित भएका छन् । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले नेपाल कोरोना भाइरसको उच्च जोखिमा रहेको प्रतिक्रिया दिएपछि युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले फागुन २२ गते सूचना प्रकाशित गरेको थियो ।

राखेपले सम्पूर्ण खेल संघ संस्थाहरूलाई खेलकुद गतिविधि लगायतका कार्यक्रमहरू रोक्न निर्देशन दिएको थियो । राखेपले सूचना जारी गर्दै प्रतियोगिता स्थगन गर्ने निर्देशन **बाँकी ८ पेजमा**

# कहाँ छ 'ग्रेटर नेपाल' र सुगौली सन्धिको सक्कल ?

काठमाडौं। नेपाली भूभाग लिम्पियाधुरा, कालापानी र लिपुलेकसहितलाई समेटेर भारतले आफ्नो नयाँ राजनीतिक नक्सा सार्वजनिक गरेको पाँच महिना पुग्न लाग्दा पनि सरकारले भारतसँग जमिन फिर्ताका लागि कुनै कूटनीतिक पहल गर्न सकेको छैन । परराष्ट्र मन्त्रालय एउटा 'कूटनीतिक नोट' पठाएर चुपचाप बसेको छ । भारतले कालापानीमाथिको दाबी पटक पटक दोहोऱ्याइरहँदा पनि सरकारले त्यसको प्रतिकार गर्न सकेको छैन ।

सन् १९६२ मा भारत र चीन युद्धको समयमा कालापानीमा भारतले सैनिक ब्यारेक निर्माण गरेको थियो । भारतले सोही समयदेखि कालापानीलाई आफ्नो नियन्त्रणमा राखेको छ । सो भूमि अझै भारतीय सेनाको परेड स्थल रहेको छ । भारतले सो क्षेत्रमा ३७२ वर्गकिलोमिटर नेपाली भूभाग कब्जामा लिएको छ । गत अगस्ट ५ मा जम्मु कास्मिर राज्यलाई जोड्ने भारतीय संविधानको धारा ३७०, ३५ (क) खारेज गरेपछि २ डिसेम्बरमा मोदी नेतृत्वको भारतीय जनता पार्टीको



सरकारले भारतको नयाँ राजनीतिक नक्सा जारी गऱ्यो । जम्मु कास्मिर राज्यलाई दिइएको विशेषाधिकार खोस्दै लद्दाखलाई समेत केन्द्र मातहतमा राख्यो । जम्मु कास्मिर र लद्दाखलाई अलग राज्य देखाउन भारतले नयाँ नक्सा सार्वजनिक गर्दा नेपालको कालापानी क्षेत्रलाई समेत आफ्नै नक्साभित्र समावेश गऱ्यो । नेपालभित्र भारतीय भौगोलिक विस्तारवादविरुद्ध सडक आन्दोलन सुरु भयो । गो ब्याक इन्डिया नारा लगाउँदै नेपाली जनता जब सडकमा उत्रिए तब मात्र सरकार झस्कियो ।

राजनीतिक नक्सा परिवर्तन गरेर भारतले कालापानी क्षेत्रबाट उसका सेना फिर्ता गर्न जनस्तरबाट जब दबाब आयो, तब परराष्ट्र मन्त्रालय विज्ञप्ति जारी गर्दै कालापानी, लिम्पियाधुरा र लिपुलेक भारतले अतिक्रमण गरेको र दुई देशबीचको विवाद कूटनीतिक तहबाट समाधान गर्ने भन्यो । २ नोभेम्बरमा भारतले सार्वजनिक गरेको नक्सा अस्वीकार गऱ्यो भने ६ नोभेम्बरमा नेपाल सरकारको धारणा सार्वजनिक गऱ्यो । त्यसपछि २० नोभेम्बरमा परराष्ट्र मन्त्रालयले कूटनीतिक नोट भारतलाई पठायो । वार्ताका लागि २३ नोभेम्बर प्रस्ताव गरिएको थियो । नेपालको प्रस्तावप्रति १९ डिसेम्बरमा भारतले सीमामा समस्या रहेको स्वीकार्दै वार्ताका लागि तयार रहेको पत्र पठाएको थियो । तर भारतले नक्सा परिवर्तन नहुने संकेत देखाइसकेको छ । उसले वार्ताका लागि नेपालको प्रस्तावलाई अझै रेस्पोन्स गरेको छैन ।

नेपाल सरकारले नेपालको अन्तर ाष्ट्रिय सिमाना रक्षाका लागि प्रतिबद्ध रहेको र दुई मित्र राष्ट्रबीचको सीमा समस्याको समाधान ऐतिहासिक दस्तावेज एवं तथ्य प्रमाणको आधारमा कूटनीतिक माध्यमबाट हुनुपर्ने नेपालको स्पष्ट धारणा रहेको जनाएको छ । भारतले गरेको एकपक्षीय **बाँकी ८ पेजमा**

## के छ सुगौली सन्धिमा ?

नेपाल सरकार र इस्ट इन्डिया कम्पनीबीच २ डिसेम्बर १८१५ मा सुगौली सन्धिमा हस्ताक्षर भएको थियो । यो यही सन्धि थियो जसबाट नेपालले आफ्नो अधिनस्थ भूमिको एक तिहाइभन्दा बढी भूभाग गुमाएको थियो र हालको भूगोल निर्धारण गरिदिएको थियो । नेपाल अंग्रेज युद्धको विधिगत अन्त्य गराउने सन्धि पनि यही नै थियो । सन्धिमा नेपालका तर्फबाट गजराज मिश्र र चन्द्रशेखर उपाध्याय तथा कम्पनी सरकारका तर्फबाट लेफ्टिनेन्ट प्यारिस ब्राडसाले हस्ताक्षर गरेका थिए ।

**यस्तो थियो सन्धि**

- इस्ट इन्डिया कम्पनी तथा नेपालका राजाका बीच सदासर्वदा शान्ति तथा मैत्रीपूर्ण सम्बन्ध रहिरहनेछ ।
- लडाइँ सुरु हुनुभन्दा पहिले दुई देशका बीचमा जति पनि विवादग्रस्त भूभाग थिए ती सबै भूभाग माथिको आफ्नो दाबीलाई नेपाली राजाले छोडिदिनेछन् ।
- उपरोक्त दफाअनुसार निम्नलिखित भूभागहरु कम्पनी सरकारलाई छोडिदिन नेपाली राजा आफ्नो सहमति व्यक्त गर्छन्
- काली (महाकाली) एवं राप्ति नदीका बीचमा रहेका सम्पूर्ण समतल भूभाग
- राप्ति एवं गण्डकी नदीबीचका सम्पूर्ण समतल भूभाग
- गण्डकी एवं कोसी नदीबीचका सम्पूर्ण समतल भूभाग
- कोसी एवं मेची नदीका बीचमा रहेका भूभाग र मेची एवं टिस्टा नदीका बीचमा रहेको सम्पूर्ण समतल भूभाग
- मोरङदेखि पूर्व पहाडभित्रका सम्पूर्ण नङ्रीका समतल **बाँकी ८ पेजमा**


## संकटमा उपभोक्ता

काठमाडौं । कोरोना प्रभावका कारण बजारको आपूर्ति व्यवस्था केही असहज बन्ने बित्तिकै कालाबजारीले फाइदा उठाउन थालेका कारण सर्वसाधारण उपभोक्ता पीडित बन्न पुगेका छन् । पेट्रोलियम पदार्थको मूल्य केही घटे पनि पेट्रोप र ग्यासको अभाव देखाएर कालोबजारीले फाइदा उठाइरहेका छन् । नेपालमा कोरोना संक्रमण नभित्रिँदै कालाबजारीले बोराका बोरा मास्क लुकाएर बजारमा संकट निम्त्याएका छन् ।

फेक्ट्रीले तीन रुपैयाँ ५० पैसामा बिक्री गर्ने मास्क १० रुपैयाँमा बिक्री गरिरहेका व्यापारीहरुले अहिले झन् मौकाको फाइदा उठाउन मास्क अभाव देखाएर कालाबजारी गर्न खोजेका छन् । प्रहरीले एकै ठाउँबाट दश लाख मास्क बरामद गरेपछि मास्कको कालाबजारीको रहस्य खुलेको छ । अत्यन्तै उपयोगी र उपभोग्य मूल्य सहज रहेको मेडिकल मास्क कालाबजारी गर्नेले ४० रुपैयाँ प्रतिगोटा बेच्ने तयारी गरेको पोल खुलेको छ ।

मास्कमा जस्तै सिटामोल, साइनेक्स जस्ता ज्वरो, रुघाका औषधिको पनि अभाव हुने सम्भावना देखिन्छ । केही स्वार्थी उपभोक्ताले ग्यास, खाद्यान्न चाहिनेभन्दा बढी संकलन गरेको र कालाबजारीले समेत मौकाको फाइदा उठाएकाले ग्यास उपभोक्ताले सहजै पाउन छाडेका छन् । खाद्यान्नको बजार मूल्य बढेको छ । माग धेरै हुने बित्तिकै बजार बढ्ने अर्थशास्त्रीय सिद्धान्त भए तापनि पर्दा पछाडिका खेलले बजार प्रभावित बनेको छ । उपभोक्ताको संरक्षण गर्नु सरकारको प्राथमिक दायित्वभित्र पर्छ । ग्यासको अभावका सम्बन्धमा नेपाल आयल निगम पर्याप्त सप्लाइ भइरहेको बताउँदै आएको छ । आपूर्ति मन्त्री लेखराज भट्टले ग्यासको कालाबजारी रोक्ने सेनामार्फत वितरण गर्ने अभिव्यक्ति समेत दिएका छन् । कुनै वस्तुको माग बढ्दै छ भन्ने संकेत पाएकै भरमा बजारै कब्जा गरेर अभाव सिर्जना गराउने कालाबजारीलाई कडा दण्ड जरिवाना गरिनुपर्छ । बिपत्तिको बेला सबैले देश र जनताको लागि काम गर्नुपर्नेमा व्यक्तिगत मनोकांक्षा मात्र पूरा गर्ने स्वार्थी मनोवृत्ति लागू गर्ने प्रवृत्तिको अन्त्य हुन जरुरी छ ।

## संसदभित्र नयाँ नक्साको चर्चा




काठमाडौं । सरकारलाई भारतको अतिक्रमणमा परेका कालापानी, लिपुलेक र लिम्पियाधुरालगायतका क्षेत्र फिर्ता ल्याउन तदारूकताका साथ परिणाममुखी पहल गर्न सांसदहरूले सुझाव दिएका छन् ।

छिमेकीको अतिक्रमण, विगतका शासकका राष्ट्रघाती क्रियाकलाप र कुव्यवस्थाबाट सिर्जित समस्याको मुक्तिका लागि पाइला चाल्ने अहिले उपयुक्त बेला भएको जनाउँदै उनीहरूले त्यसका लागि पहलकदमी गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् ।

प्रतिनिधिसभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा सांसदहरूले नेपालले आफ्नो भूमि लिपुलेक, कालापानी, लिम्पियाधुरा जस्ता क्षेत्रलाई समेटेर नक्सा प्रकाशन गरी तत्काल कार्यान्वयनमा ल्याउन सुझाव दिएका हुन् ।

कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर गत कात्तिक १६ गते भारतले राजनीतिक नक्सा प्रकाशित गरेपछि कात्तिक २३ गते बसेको सर्वदलीय र सर्वपक्षीय बैठकले सीमाका विषयमा अभूतपूर्व एकता कायम गरी भारतीय कदमको विरोध गर्दै नेपालले एकपक्षीय ढंगबाट भएको निर्णय अमान्य हुने आफ्नो धारणा स्पष्ट गरिसकेको छ । दुई देशबीच सीमालगायतका सुल्झाउन बाँकी विषय आपसी छलफल र सहमतिका आधारमा मात्र टुंग्याउनुपर्नेमा नेपालले भारतको गम्भीर ध्यानाकर्षण गराएको थियो ।

वार्ताबाटै सबै समस्या समाधान होस् भन्ने नेपालको चाहना भए पनि परिणाम नल्याउञ्जेलसम्म अतिक्रमणमा परेको भूभाग समेटेर तत्काल नक्सा प्रकाशन गर्न किन ढिलाइ गरिएको हो, के ज्योतिषी देखाउनुपर्छ ? भनी प्रश्न गर्दै भीम रावलले भने, 'सार्वभौम संसद्ले पारित गरेको यो विषय कार्यान्वयन गर्ने दायित्व सरकारको हो, **बाँकी ८ पेजमा**

## कोरोनाबारे जान्नैपर्ने कुरा

कोरोना भाइरस र यसले लगाउने रोग कोभिड १९ अहिले विश्वव्यापी महामारी बनिसकेको छ । कसैकसैमा यो रोगले सामान्य प्रभाव मात्रै पार्छ भने केहीमा यो रोग मृत्युको कारण बनिदिन्छ । यो नयाँ भाइरसले कसरी शरीरमा आक्रमण गर्छ ? यसका कारण किन मानिसको जान्छ ?

मानिसको शरीरमा प्रवेश गरिसकेपछि भाइरस फैलिन र स्थापित हुन केही समय लाग्छ । त्यसलाई इन्क्युबेशन पीरीअड अथवा संक्रमणकाल भनिन्छ । त्यो बेला भाइरसहरूले तपाईंको शरीरमा कोषभित्र पसेर तिनलाई आफ्नो नियन्त्रणमा लिने गर्छन्।

यदि नजिकै कसैले खोकिरहेको छ भने तपाईंले सास फेर्दा कोरोनाभाइरस शरीरमा पस्न सक्छ। दूषित वस्तु वा सतह छोएर आफ्नो अनुहार छुँदा पनि कोरोनाभाइरस **बाँकी ८ पेजमा**

## नेपाल-भारत सीमा नाकामा पनि कडाइ

काठमाडौं । सरकारले कोरोना भाइरस (कोभिड-१९) बाट बच्न ५५ देशलाई प्रवेशमा रोक लगाएको छ । पछिल्लो समय भारतमा कोरोना संक्रमितहरु भेटिन थालेकाले सरकारले सीमा नाकाहरुमा कडाइ गर्नेबारे छलफल थालेको हो । चारैतिर खुला सीमा भएको भारतबाट जति बेला जोकोही नेपाल प्रवेश गर्न सक्ने खतरालाई मध्यनजर गर्दै सरकारले भारतीयहरुलाई पनि जरुरी कामबाहेक अन्य आवतजावतमा रोक लगाउने भएको छ ।

हवाई मार्गबाट औसत दैनिक १५०/२०० मानिस भारतबाट वा भारत ट्रान्जिट भएर आइरहेका छन् । तर, स्थलमार्गबाट नेपाल आउनेको संख्या बढी छ । तेस्रो मुलुकका नागरिकलाई स्थलमार्ग भएर आउन रोक लगाए पनि रोजगारीका लागि भारत गएका नेपालीका साथै भारतीय नागरिकहरु निर्वाध रुपमा नेपाल आइरहेका छन् । उनीहरुलाई सीमा नाकामा ज्वरो मात्र नाप्ने गरिएको छ । भारत सरकारले पनि नेपालसँगको सीमानाकामा कडाइ गर्ने बताइसकेको छ ।

## कोरोना रोकथाम प्रयासमा सरकार

काठमाडौं । सरकारले डेढ महिना सार्वजनिक स्थल बन्द गर्ने निर्णय गरेको छ । कोरोना भाइरसको संक्रमण दक्षिणपूर्वी एसियामा फैलन सक्ने विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को कडा चेतावनीपछि सरकारले सार्वजनिक स्थल बन्द गर्ने निर्णय गरेको हो ।

कोरोना भाइरस रोकथामसम्बन्धी उच्चस्तरीय समन्वय समितिको बैठकले २५ जनाभन्दा बढी भेला नहुन समेत आह्वान गरेको छ । समितिले मानिसहरुको भीडभाड हुन सक्ने ठाउँहरुमा पनि वैशाख १८ गतेसम्म बन्द गर्ने निर्णय गरेको छ । विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रममा समेत ठूलो भीड नलगाउन समितिले आग्रह गरेको छ ।

समितिले भीडभाड हुने सबै स्थानलाई बन्द गर्ने निर्णय गरेको छ । सिनेमाहल, सांस्कृतिक केन्द्रहरु, रंगशाला, खेल स्थल, जिम, हेल्थ क्लब, म्युजियम, स्विमिङ पुल, मनोरञ्जन स्थल, डान्सबार तथा क्लब आदिलाई ३० अप्रिल २०२० सम्म बन्द गर्ने समितिको निर्णयमा उल्लेख छ । यो लागू भए नभएको अनुगमन गर्न गृह मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई जिम्मेवारी दिएको छ । साथै यी विषयको कार्यान्वयन अनुगमन प्रवेश सरकार तथा स्थानीय तह समेतले गर्ने समितिले निर्णय गरेको छ ।

त्रिभुवन विश्वविद्यालयले पनि सबै पठनपाठन र परीक्षा स्थगित गरेको छ । बिहीबार बसेको त्रिवि कार्यकारी परिषदको बैठकले पठनपाठन र सबै परीक्षा स्थगित गर्ने निर्णय गरेको त्रिविका उपकुलपति डा. धर्मकान्त बाँस्कोटाले जानकारी दिए ।

यसैबीच सरकारले एसईई लगायत चैत महिनामा सञ्चालन हुने सबै परीक्षा स्थगित गरेको छ । एसईई परीक्षामा देशभरबाट चार लाख ८५ हजार ५८६ परीक्षार्थी सहभागी हुँदै थिए । यस्तै लोक सेवा आयोगले चैत ८ गतेपछिका सबै लिखित परीक्षा स्थगित **बाँकी ८ पेजमा**

## वैदेशिक रोजगार : विकृति र समाधान

**समय-सन्दर्भ**

■ रमा घिमिरे





केही अपवादबाहेक सबैजसो मानिसहरु विदेश जाने कारण रोजगारीकै लागि हो । धेरैभन्दा धेरै पैसा कमाउने जीवन स्तरलाई उकास्ने, आर्थिक रुपमा सम्पन्न हुनु र सुरक्षित भविष्यका लागि नै विदेश जाने क्रम देखिन्छ । आजको नेपालको अवस्था हेर्दा अर्थतन्त्रको बलियो आधार भनेको रेमिट्यान्स हो र यससँग जोडिएको विषय भनेको वैदेशिक रोजगार हो ।

देशको बढ्दो बेरोजगर, आर्थिक घाटा, आयातमा निर्भर, बन्द उद्धयोगधन्दा, कलकारखाना, बैदेशिक लगानी लगायत विभिन्न कारणले नेपालीहरु आर्थिक संकटका कारण बैदेशिक रोजगारमा आकर्षित हुने क्रम बढ्दो छ । नेपालमा यसबाट तत्कालिन रेमिट्यान्स भित्रिए पनि दिर्घकालिन रुपमा हानी र नोक्सानी व्यहोर्नु पर्ने देखिन्छ । बैदेशिक रोजगारको बढ्दो क्रमले यसबाट परिवार ,समाज र राष्ट्रलाई क्रमिक रुपमा घाटा र समस्या एकतिर छदैछ भने अर्कातिर विदेशमा जुन प्रयोजनको लागि जाने हो त्यो प्रयोजन हासिल भएको छ कि छैन ? तिनीहरुको जीवन कति सुरक्षित छ? कति समस्या रअन्यायबाट गुज्रिरहेका छन् त **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाईं

**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल

**प्रबन्ध निर्देशक** किरण थापा

**अतिथि सम्पादक** विष्णु भट्टराई

**सम्पादन सहयोगी** गोविन्द विक

**बजार व्यवस्थापन** रामशरण रिमाल

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# कष्टकर बन्दै जनजीवन

काठमाडौं । कोरोना भाइरस (कोभिड १९) को प्रभाव विश्वव्यापी हुँदै जाँदा त्यसको बहुआयामिक असर हामीकहाँ पनि देखिन थालेका छन् । हुन त अहिलेसम्म नेपालमा कोरोना भाइरसको संक्रमण विस्तार भएको छैन । एकजनामा संक्रमण देखिए पनि उपचारपछि स्वास्थ्य भएको बताइएको छ । तर जसरी युरोप, अमेरिकादेखि अफ्रिकासम्म कोरोना भाइरसले रजगज जमाउन सुरू गरेको छ, त्यसलाई मध्यनजर गर्ने हो भने नेपाललाई पनि कोरोनाले नछोला भन्न सकिँदैन । डिसेम्बरको अन्त्यतिर चीनको हुवेइको वुहानबाट टाउको उठाएको कोरोना भाइरसलेअहिलेसम्म १६५ वटा देशलाई ठक्कर दिइसकेको छ । चीनपछि युरोपेली राष्ट्र इटली सबभन्दा बढी कोरोना संक्रमणको चपेटामा छ । एसियाली राष्ट्रहरू इरान र दक्षिण कोरया पनि कोरोना कहरको सामना गरिरहेका छन् ।

विश्व स्वास्थ्य संगठनले जारी गरेको विज्ञप्तिअनुसार नेपाल पनि कोरोना (कोभिड १९) संक्रमणको उच्च जोखिममा रहेको जानकारी गराएको छ । दुई ठूला छिमेकी मुलुक चीन र भारतमा कोरोना संक्रमण देखिएसँगै यसको मनोवैज्ञानिक त्रासले जनजीवन कष्टकर बन्दै गएको छ । उपभोग्य वस्तुहरूको कृत्रिम अभाव सिर्जना गरी व्यापारीहरूले कालोबजारीको साम्राज्य खडा गरेका छन् । खाना पकाउने एलपी ग्यासको आयातमा कुनै कमी नआएको भनिए पनि सर्वसाधारणले ग्यास पाउन छोडेका छन् । पैसावालहरूले ग्यास डिपोबाटै ठूलो पैमानामा भरिएका सिलिन्डर खरिद गरेर घरमा थुपारेका कारण ग्यासको हाहाकार भएको हो । त्यस्तै चामल, दाल, तेल, नुन लगायतका दैनिक उपभोग्य वस्तुहरू पनि सर्वसाधारणको पहुँच बाहिर पुग्दैछन् । कृत्रिम अभाव, मूल्यवृद्धि र कालोबजारीका कारण आम नागरिकको जीवन अस्तव्यस्त बनिरहेको छ ।

मास्कलगायत एन्टिबायोटिक औषधिहरू बजारमा आम मान्छेले पाउन छोडेका छन् । भारतले औषधि निर्यातमा रोक लगाएसँगै नेपाली औषधि बजार सुनसान बन्न थालेको छ । औषधि बनाउने कच्चा पदार्थको मुख्य स्रोत चीन भएको र चीन कोरोनाले थलिएका कारण कच्चा पदार्थ आउन ढिलाइ भएकाले भारतीय लगायत नेपाली औषधि उद्योग थला परिरहेका छन् । यसको प्रत्यक्ष असर सामान्य मास्कको अभावलाई हेरे पुग्छ । मौकाको फाइदा उठाउँदै मेडिकल माफियाहरूले भएको औषधि र मास्कसमेत लुकाएर महँगो मूल्यमा बेचिरहेका छन् । सरकारी अनुगमन नाम मात्रको छ । उपत्यकामा झन्डै ६० लाख मानिसहरूको बसोबास रहेको छ । दुई चार टुक्रे सरकारी अनुगमन टोलीको सक्रियताले माफिया र कालो बजारीको साम्राज्यमाथि कसरी धावा बोल्न सक्छ ? सरकार आफैं सहुलियत पसल खोल्ने भनेर जनतालाई ढाडस त दिइरहेको छ तर दशैं तिहारका बेला झारा पार्न खोलिने जस्ता सस्ता पसलले जनताको दैनिकीलाई छुन नसक्ने निश्चित छ ।

देशका उद्योगधन्दाहरू चौपट भइरहेका छन् । उद्योगी व्यवसायीहरू सरकारसँग राहत माग्न थालिसकेका छन् । कोरोना त्रासले मानिसहरूले हिँडडुलमा कमी गरेपछि यसको प्रभाव होटल, रेस्टुराँ र सामान्य चिया खाजा घरमा समेत परेको छ । अन्तर्राष्ट्रिय उडानहरू रोकिएका कारण पर्यटन क्षेत्र नराम्ररी प्रभावित भएको छ । खाडी मुलुकलगायत मलेसियासम्मको वैदेशिक रोजगार कोरोनाका कारण बन्द भइसकेको छ । रेमिट्यान्सले धानेको नेपाली अर्थतन्त्र संकटतर्फ धकेलिँदैछ । कोरोनाको संत्रासले अत्तालिन थालेको नेपाली जनजीवन भावी दिनमा औषधि खाद्यान्न लगायतका वस्तुहरूको अभावले छटपटिने पूर्वानुमान गर्न थालिएको छ । व्यापारघाटा उच्च रहेको र निर्यातको मात्रा एकदमै कम भएको नेपालको कोरोना आउनुअघि नै थला पर्न थालिसकेको छ ।

यस्तो बेलामा सरकारले जनताका लागि आर्थिक राहतको प्याकेज घोषणा गर्नुपर्ने हो । सरकारी अनुगमनलाई प्रभावकारी बनाएर कालाबजारी र बिचौलियालाई कारबाहीको दायरामा ल्याउन ढिलाइ भइसकेको छ । जनताले प्रत्यक्ष रूपमा देशमा सरकार छ भन्ने अनुभूत गर्न पाउनुपर्छ । कोरोनाको अफवाह र त्यसले बनाएको अराजक बजारलाई नियन्त्रण गरी जनतामा कोरोनासँग डटेर लड्ने मानसिकता निर्माण गर्नु सरकारको अहिलेको मुख्य दायित्व हो र यसको पहलुमा अलिकति पनि समय लम्ब्याउनु जनताको जीवनसँग भद्दा मजाक गर्नुबाहेक अरू केही होइन ।

# जुत्तामा मात्रै सीमित होला र ?




**सुरेन्द्र ढकाल**

राष्ट्रिय सभागृहमा भइरहेको एक कार्यक्रम बोली सकेर स्थान ग्रहण गर्न लाग्दा प्रचण्डमाथि जुत्ता प्रहार भएको दृश्यले सामाजिक सञ्जाल राम्रै छायो । आफूलाई गणतन्त्रको पिता मान्ने प्रचण्डले जनता र कार्यकर्ताबाट सायद कहिले झाप्पु अनि कहिले जुत्ता प्रहार खेप्नु पर्ला भनेर सपनामा पनि सोचेका थिएनन् होला । देशलाई देशीय सामन्त र विदेशी अर्धउपनिवेशबाट मुक्त गर्दै जनगणतन्त्र स्थापना गर्छु भनी जनयुद्ध सञ्चालन गरी १७ हजारको ज्यान लिइसकेर सत्तामा छाएपछि औपनिवेशिक शक्तिको अगाडि लम्पसार परेको, अनि संसदीय भासमा गएर जाकिएको प्रस्टै देखिसकेपछि सचेत जनताले के गरुन् त जुत्ता नहानेर ? राष्ट्रको हित होला, जनजीविकाको ग्यारेन्टी होला त नि भनेर सोझासाझा नेपाली युवायुवतीहरुले जनयुद्धलाई काँधमा बोकेका थिए । तर भयो अर्कै ।

जनयुद्धका नायकहरु नवसम्भ्रान्त हुँदै सर्वसत्तावाद, परिवारवाद, कमिसनतन्त्र अनि प्रेमवासनामा एकपछि अर्को गर्दै फस्न थालेपछि जनताले आफ्नो धैर्य गुमाउन थालेको आभास प्रचण्डमाथि भएको जुत्ता प्रहारले राम्रै दिएको छ । मुसलमानी देशहरुमा आत्मघाती बम हमला भएको खबर धेरै सुन्नमा आउँछ । नेपालमा हामीले अहिलेसम्म कसैले कसैमाथि आत्मघाती बम हमला गरेको कुरा सुन्न पाइएको छैन । यस्तो हुनुको कारण नेपालमा बम सजिलै प्राप्त गर्न नसकिने कारणले पनि होला अथवा सामान्य जनताको नेताप्रतिको क्रोधको पारो त्यतिमाथि नचढेको कारणले पनि होला उनीहरुका प्रहारहरु जुत्तामा सीमित हुन पुगेको । जेले गरे पनि प्रहार भनेको प्रहारै हो । हिजोको निरंकुश भनिएको राजतन्त्र र त्यसको नाइके पूर्वराजा भने सुरक्षाकर्मीविना नै सर्वत्र चहारिरहेका छन्, विना डर, विना भर अनि त्यसको ठीक उल्टो जनताका नेताहरुलाई भने कडा सुरक्षाको आवश्यकता पर्नु अनि कसैले त्यो सुरक्षा घेरा तोडी थप्पड र जुत्ता प्रहार गर्न भ्याउनुले गणतन्त्र गिजाइएको अवस्थामा पुगेको छ । नेताहरुको यही अवगुण र नैतिक हरामको कारण कतै गणतन्त्र नै मासिने त होइन भनेर मान्छेहरु चिन्ता व्यक्त गर्न थालिसकेका छन् । जसरी राजपरिवारकै कारण नेपालबाट राजतन्त्र गयो त्यसै गरी नेताहरुको असक्षमता र स्वार्थीपनकै कारण कतै गणतन्त्र नै पो असफल हुने हो कि भन्ने अवस्थाको शंखफुकाई त होइन जुत्ता प्रहार भनेर मान्छेहरु भन्न थालिसकेका छन । नेताहरुप्रति जनता कति क्रोधित छन् र उनीहरुमा मानवीय मूल्य कति ह्रास हुन थालिसक्यो भन्ने कुरा मिर्गौला फेर्न अस्पताल बसेका ओलीविरुद्ध जनआक्रोस देखा परेको छ । उनीहरु ओली आर्यघाट आ भन्दै आफ्नो नारा बुलन्द गर्दैछन् । देशमा राजनीतिक परिवर्तन आउँदा जनताको जनजीविकामा पनि सकारात्मक परिवर्तन आउनैपर्ने थियो । तर त्यसो भएन नेताको जीवनशैली र जीवनस्तरमा ठूलो परिवर्तन देखियो अनि परिवर्तनकामी जनता भने फुस्राको फुस्रै रहे । त्यही असन्तोष जुत्ता प्रहारमा गएर अभिव्यक्त भयो । यसबाट नेताहरुले सिकेर आफूहरुलाई परिवर्तन गर्नुपर्थ्यो तर त्यस्तो छाँट नदेखिएपछि जनताको धैर्यको बाँध फुटेको छ । तर के त्यो बाँध फुटाइ सधैं जुत्ता प्रहारमा मात्रै सीमित होला र ?

# सत्तामै निर्वाचित भइसकेपछि...



**जगदीश लामिछाने**
रौतहट, पौराई

२००७ सालपछि नेपाली शासन सत्तामा धेरै समय नेपाली कांग्रेस र कम्युनिस्टका घटकहरुले अरु प्रजतान्त्रिक दलहरुका साथ मिलेर सत्ता चलाए । अहिले नेपाल कम्युनिस्ट पार्टीले सरकार चलाएको छ । सरकार चलाउनुभन्दा पनि कसरी चलेको छ भन्नेमै महत्व लुकेको हुन्छ । विदेशका अरु सरकारका साथ यी नेताको स्वदेशी सिद्धान्त प्रस्ट छ छैन भन्ने कुराको धेरै महत्व हुन्छ ।

नेपाली सार्वभौमिकताको प्रदर्शन पनि उनीहरुबाटै हुनैपर्ने भयो । त्यतिमात्रले निर्वाचित नेताले काम गरेको देखिँदैन । देश काल तथा जनताको हितमा नेताहरुले के कति काम गरेका छन् भन्ने कुरा विपक्षी नेतासहित सम्पूर्ण जनताले हेरिरहेका हुन्छन् ।

यो देशमा राजा हुनेहरुकै पनि धेरैको योगदान छ । त्यस्तै तलवजीवि कर्मचारीहरुकै पनि आफ्नो काम गर्ने सीप, खट्न सक्ने क्षमता हेरि प्रोत्साहन हुने वातावरण नेताहबाट बन्नै पर्दछ । म त सत्तामै रहेको नेता हुँ भनेर मक्ख पर्नु पनि हुँदैन । प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सांसद अनि नगर तथा गाउँपालिकाका सबै निर्वाचित सदस्यहरुले चुनावको दैलो पार गर्नैपर्दछ भन्ने कुरा संविधानमै छ । वर्तमान संघीय अर्थमन्त्री युवराज खतिवडाको राष्ट्रिय सभामा सक्दा चाँडो सदस्य तोकिनैपर्ने प्रसंग उठेको छ । यस्तै प्रत्येक प्रदेश, गाउँ, नगर समितिमा पनि हो ।

यसरी देशको मूल कानुन संविधान तथा अरु कानुनहरु पनि पालन गर्नाले मात्र देशको शासन सत्ता राम्ररी चल्छ । कहिलेकाहीँ योग्य मान्छेहरुकै पनि बुद्धि बिग्रला भनेर कानुनहरु बनाइन्छ र पालन पनि गराइन्छ । कुनै व्यक्तिको राम्रो कामले मात्र त्यो मान्छे चिनिन्छ । यसैले कर्मचारीलाई मात्र होइन, जनप्रतिनिधिहरुलाई पनि उनीहरुले काम गरेको दिनगन्ति गरेर जीवनभर केही जीवनवृत्ति दिनुपर्दछ कि भनी सोध्नु राम्रो हुन्छ । यो कुराले उसलाई भ्रष्टाचार नगर्न प्रेरणा हुन्छ । यस्तो रकम न्यूनतम स्वेच्छिक नै हो । वास्तवमा सत्ता सबैलाई प्यारो लाग्ने नै भयो । दुई पटक राजा भैसकेका ज्ञानेन्द्रले पनि सरकारी जीवनवृत्ति नभए पनि जीवन चलाएकै छन् ।

अब रह्यो भ्रष्टाचारको कुरो । यो एउटा रोग नै हो । यसको उपचार हुनैपर्दछ । यसैले जुनसुकै केन्द्र, प्रदेश र स्थानीय स्तरमा निर्वाचित हुनेले आफ्नो हकको सम्पत्ति निर्वाचित भएको ७ दिनभित्र र प्रति वर्ष अनिवार्य रुपमा पेस गर्नैपर्दछ । यो कुराले निजलाई आफू र आफ्ना अन्तर्गतका क्षेत्रमा भ्रष्टाचार विरोधमा आश्वस्त बनाउँछ । त्यो निर्वाचित व्यक्तिले आफ्नो पनि स्थिर बुद्धि राख्छ । कुनै पनि व्यक्ति आफ्नो पदमा टासिरहँदा उसले काम पनि गरिरहेकै हुन्छ । त्यसबाट उसलाई जीवन धान्न पुग्ने अनुपातमा वृत्ति दिनु राम्रै हो ।

चुनिएका नेताहरुलाई उनीहरुले गरेको कामको सिलसिलामा अरु कर्मचारीहरुलाई जस्तो भ्रमण भत्ता दिने गर्नु हुँदैन । कुनै किसिमको प्रोत्साहन भत्ता पनि दिन हुँदैन । यो उनीहरुको जीवनको दिनचर्या नै हो । आफैं लोकप्रिय हुने गरी गरेको काम नै हो । यसैबाट नेतृत्व तिखारिँदै जाने हो । यहाँ बढी आर्थिक चलखेल प्रत्युत्पादक पनि हुनसक्ला । अरुलाई गाह्रौपर्ने कामसमेत नेताहरुले गर्नुपर्दछ । यो कुरा जनताले समेत हेरिरहेका हुन्छन् । सत्ताको विपक्षमा बस्नेले पनि हेरिरहेका हुन्छन् । भनौं यी अत्याचार र अनाचारका विरुद्ध हुन् । यिनले आफ्नो कामले आफैं तिखारिँदै जानुपर्दछ ।

उदाहरण प्रस्टै छ वर्तमान सत्तारुढ कम्युनिस्ट पार्टीका दुई अध्यक्ष केपी र पुष्पकमल दाहाल छन् । यिनले आफ्नो बाटो आफैंले बनाउने हो । त्यस्तै राप्रपाका कमल थापा, प्रकासचन्द्र लोहनी र पशुपतिशमशेर तीनैवटा अध्यक्षले आफ्नो दलको भविष्य बनाउँदै जानु कर्तब्य नै छ । त्यस्तै मालेका सीपी मैनाली, नेपाली कांग्रेस र तराई केन्द्रित दलहरुले पनि आफ्नो भविष्य आफैं बनाउँदै जानु नै छ । यी माथि भनिएका विवरणहरु यिनीहरुका दलका सत्तामा गएका सांसदहरुले मात्र लागू गर्नुपर्ने हो । अरु दिनचर्या त उनीहरुका व्यक्तिगत जस्तै भए होइन र ?

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरु-३



सुदर्शन प्रधान

आफू त बीपी र गणेशमान सिंहले आजीवन नेपालको प्रजातन्त्रको लागि लडे भन्छन् । तर महामाता समान नेपाल राष्ट्रको विरुद्धमा आफूले बोलेका शब्दहरु कहिल्यै फिर्ता लिएनन् । कोसी नदी वि.सं.२०१२, गण्डक नदी २०१६ र महाकाली नदी २०५२ क्रमश मातृकाप्रसाद कोइराला, बीपी कोइराला र गिरिजाप्रसाद कोइरालाहरु नेपालको प्रधानमन्त्री हुँदा भारतले कब्जा गऱ्यो । यी सबै नेपाली कांग्रेस पार्टी सत्तामा हुँदा सम्पन्न भएका थिए । प्रधानमन्त्री बनेका ती तीनै जना कृष्णप्रसाद कोइरालाका छोराहरु थिए । जो राणाकालमा भारतमा निर्वासित बने र आफ्ना बच्चाहरु भारतको बनारसमा जन्माए र हुर्काए । तर राजनीति गर्न चाहिँ उनीहरु नेपाल आए । भारतप्रतिको उनीहरुको भक्तिभाव भावनात्मक पनि हो, जुन प्रवृत्ति नेपाल र नेपाली जनताका लागि अपुरणीय क्षति सावित भइरहेछ ।

नेपालको २००७ सालको क्रान्ति, २०४६/०४७ सालको जनआन्दोलन र २०६२/०६३को दोस्रो जनआन्दोलनमा भारतको केही न केही भूमीका रह्यो । अनी यहाँ नेपाली काग्रेंस पार्टी हरेकपाली नेतृत्वमा रह्यो । यो कस्तो आश्चर्य भने एउटै पार्टीले तिन तिन पटक ईतिहासको भिन्नभिन्न कालखण्डहरुमा क्रान्ति तथा जनआन्दोलनको नेतृत्व गरेको ईतिहास कहि छैन । नेपालमा हुनाको मूलकारणचाहिँ उक्त पार्टी सधैं सामन्त, जमिनदार, दलाल पूजीपती र भ्रष्टहरुका पक्षपोषण र भारतको चाकरी गर्ने प्रवृत्तिले आमजनता कालान्तरमा उ सँग रुष्ट हुन्थ्यो र राजाले सत्ता कब्जा गर्थ्यो । २०१७ सालमा वि.पी. प्रधानमन्त्री हुँदा र २०५९ मा शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा क्रमश राजा महेन्द्र र ज्ञानेन्द्रहरुले त्यस्तै गरेका थिए र उनिहरुलाई जेलमा राखी तानाशाही शासन लादेका थिए । स्मरणहोस्, भारतमा अंग्रेज उपनिवेशवाद विरुद्ध "भारत छोडो ।" आन्दोलनको नेतृत्व गर्ने भारतिय कांग्रेस पार्टी सन् १९४७ मा अंग्रेजले भारत छोडेपछि उक्त पार्टीको मूल लक्ष्य पुरा भएकोले पार्टी विघटन हुनपर्छ भन्ने महात्मा गान्धीको प्रस्तावलाई नेहरुहरुले ईन्कारेका थिए र गान्धीले पार्टी त्यागे ।

गान्धीको असामयीक मृत्यु भयो यता नेहरुले पार्टीलाई भजाएर लामो समय भारतिय कांग्रेस पार्टीको नाममा शासन गरे वंशाणुगत राजतन्त्र झैं उनका छोरी ईन्दिरा गान्धी, राजीव गान्धीले पनि । तर सो पार्टी सामन्त, जमिन्दार, दलालपूंजीपती, भ्रष्ट नोकर शाहीहरु र विदेशीहरुका सेवा गर्ने भएकोले आज भारतमा हिन्दुधर्मको साम्प्रदायीक नारा दिने भारतिय जनता पार्टी सत्तासिन छन् । जसको वर्गस्वरुप, वर्ग आधार र प्रवृत्ति काग्रेंस पार्टी भन्दा प्रतिगामी छ । जसले भारत र वरपर छिमेकी मुलुकहरुमा अकल्पनीय साम्प्रदायीक युद्ध र गृहयुद्ध भड्काउने ठूलो सम्भावना छ । त्यस घडीमा भारतिय काग्रेंस पार्टीले, नेपालको काग्रेंस पार्टीले २०४६/०४७ को प्रथम जनआन्दोलन र २०६२/०६३ को जनआन्दोलनको नेतृत्व गरे झै गर्ने होला । ईतिहासको यो विग्रह र दुस्चक्र छक्क लाग्दो छ । तर अब धर्ती योद्धाहरुले मानव ईतिहासलाई त्यसो हुन दिने छैन । कुनै पनि मूल्य चुकाएर ईतिहासलाई सहि मोडमा दोहोर्याउन उनिहरुले आँट र हिम्मत गर्नेछन् । भारतमा मात्र हैन दक्षिणपूर्वी एसिया भरी र संसार भरि । यसको सैद्धान्तिक आधार तय भईसकेको छ अव त्यसलाई व्यवहारिक रुप दिन मात्र बाँकी हो ।

नेपालको पछिल्लो आन्दोलन भनौं वि.सं. २०६२/६३ को दोस्रो जनआन्दोलनको मेरुदण्ड भनेको तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र उसको जनमुक्ति सेना थियो । जसको आड र भरोसामा जनआन्दोलन सम्पन्न भयो र राजतन्त्रको पनि पतन भयो । तर नेपाली काग्रेंसको पवृत्तीचाहिँ उस्तै रहिरह्यो । आज पनि काग्रेंसहरु दम्म गर्दै भन्छन्, "माओबादीलाई जंगल बाट शहर ल्याउने काम काग्रेस पार्टी र गिरीजाले गरेको थियो ।" वास्तविकतामा नेकपा (माओवादी) को शक्ति र स्रोतले जनआन्दोलनले राष्ट्रव्यापी रुप लिएको हो र त्यो सशक्त र सुदृढ बनेको हो । अनि राजा ज्ञानेन्द्रको अधिनमा झण्डै २ लाख शसस्त्र सेना प्रहरी भएपनि उसले जनआन्दोलन सामु घुँडा टेकेको हो । तव गिराजा प्रधानमन्त्री र काग्रेस पार्टी सत्तासिन बनेको हो । अन्यथा संसदिय दलहरु त राजा ज्ञानेन्द्रको तानाशाह विरुद्ध काठमाडौंको रत्नपार्कमा भाषणहरुमा मात्र सिमित थियो । दोस्रो जनआन्दोलन सम्पन्न हुनमा सात राजनैतिक दलहरु सबैको योगदान रह्यो तर नेकपा (माओवादी)को योगदान चाहीं विशिष्ट रह्यो । जुन योगदानलाई कदर गर्दै गिरीजा नेतृत्वको गठबन्धन सरकारले संसदमा ८३ सिट स्थान दिईएको हो । चुनाव लडेर हैन युद्ध लडेर पाएको सिट हो त्यो ।

नेपालमा २०६२/०६३ को दोस्रो जनआन्दोलन सम्पन्न पश्चात पनि विद्रोही ने.क.पा. (माओवादी) लाई पटकपटक जंगल धपाउन प्रयत्न भएको हो । यो नेपालको राजनीतिमा सामन्तवाद र साम्राज्यवादको प्रभाव र पकडको परिणाम थियो । नेकपा (माओवादी) चन्द पक्ष त जंगलमै छ । मुलुकमा गणतन्त्र, धर्म निरपेक्षता, संघीयता, समावेशी र समानुपातिक त स्थापित भयो । यि राजनैतिक मुद्दाहरु हुन् ।

*(क्रमशः)*

# मैले देखेको १३४ औं विश्व सम्पदा
# स्वेत्चिन्गनको दरबार तथा बगैंचा

सुरेन्द्र ढकाल




कपडामा भरिएको जरी जस्तो देखिने बगैंचा र दरबार




बगैंचाभित्रका कलात्मक पाराले छिमलिएका रूखहरू




बगैंचामा भएका मूर्तिहरूमध्ये एक मूर्ति



बगैंचाको एक अर्को भाग तुर्किस गार्डेन माथिबाट हेर्दा



बगैंचाभित्रको प्राकृतिक पथ



बगैंचामा रहेको संसारको अन्त्य नामक चित्रकला

सन् १९९३ को सेप्टेम्बरमा भएको फिलिपिन्स र हङकङको भ्रमणपश्चात् सन् १९८५ बाट सुरु भएको मेरो विदेश भ्रमण गर्ने क्रम केही वर्षको लागि रोकियो । त्यस अवधिमा म बढी आफ्नो पेसागत कार्यतिर केन्द्रित भएँ । सन् १९९३ देखि १ वर्ष घरेलु तथा साना उद्योग संघको कार्यकारी निर्देशक अनि सन् १९९५ देखि सन् १९९७ सम्म रगमार्क फाउण्डेसनको कार्यकारी निर्देशक भई काम गरेँ । यसै अवधिमा सन् १९९७ को जनवरीमा मलाई जर्मनीको हानोभरमा आयोजना हुने अन्तर्राष्ट्रिय गलैंचा मेलामा रगमार्कको तर्फबाट भाग लिने अवसर प्राप्त भयो ।

हानोभरको मेलापश्चात् म मेरी छोरी सुमोना र उनकी आमा मोनिकालाई भेट्न केही दिनका लागि स्पायर डुडनहोफन गएँ । यसै बेलामा उनीहरुले मलाई स्पायरबाट झण्डै २६ किलोमिटरको दूरीमा हाइडेलवर्ग नजिकैको स्वेतचिन्गन दरबार र बगैंचा अवलोकन गराउन लगेका थिए । जुन कुरा मैले मेरो जर्मनीको अध्ययन बसाइको क्रममा सन् १९८८ देखि १९९० सम्म अवलोकन गर्न पाएको थिइनँ । पछि सन् २०१३ मा रोटरी क्लव डिल्लीबजारको प्रतिनिधिमण्डलको नेतृत्व गर्दै जर्मनी जाँदा पुनः यस दरबार र बगैंचा क्षेत्रमा भ्रमण गर्ने अवसर प्राप्त भएको थियो ।

### स्वेतचिन्गन दरबार र बगैंचा

यो दरबार र बगैंचा जर्मनीको बभेरियाको इलेक्टर कार्ल थियोडर तेस्रोको गृष्मकालीन दरबार रहेछ । यसको विशेषता भनेको दरबारसहितको कलात्मक अति सुन्दर बगैंचा रहेछ । वर्तमान कालमा भने यो स्वेतचिन्गानमा मनाइने विभिन्न सांस्कृतिक महोत्सवहरुको मुख्य थलो बन्न पुगेको रहेछ ।

### दरबार

दरबारको मुख्य भवन १७ औं शताब्दिमा नै बनेको रहेछ । जर्मनीको फाल्ज क्षेत्रका सम्राट जोन भिलहेल्मको शिकारको सौखलाई पूरा गर्ने उद्देश्यले बनाइएको यस दरबार र बगैंचा क्षेत्रमा सन् १७०० देखि १७५० सम्ममा अरु अतिरिक्त भवनहरु पनि बनेका रहेछन् । पछि कार्ल फिलिपको पालामा यहाँ सुन्दर कलात्मक बगैंचा निर्माण गरी संरक्षण गरिएको रहेछ । बगैचाको डिजाइन निकोलास डे पिगागेको रहेछ । दरबारको मोहडा र भित्री भागको सजावटको जिर्णोद्धार गर्ने कार्य बीसौं शताब्दिको अन्ततिर भएको रहेछ ।

जर्मनीको अरु दरबारजस्तो उच्च कलात्मक र बृहत रुपमा सिँगारिएको नभए तापनि दरबारियाहरुको दैनिक जीवन बिताउने कक्ष, चाडपर्व पर्दा धेरै मान्छे जम्मा हुने कोठाहरु कस्ता हुँदो रहेछन् भनेर थाहा पाउन सजिलो हुने किसिमले सजाइएको रहेछ । दरबारको हलबाट बाहिर निस्कन नपाउँदै सुन्तलाको बगैँचा (ओरान्जेरी) आइपुग्ने गरी दरबार र बगैंचालाई एक अर्काको परिपुरक बनाइएको रहेछ ।

### बगैंचा

१८ औं शताब्दिको मध्यतिर फ्रान्सेली मोडेलमा रहेको यस बगैंचालाई ब्यापक रुपमा अंग्रेजी मोडेलमा रुपान्तरण र विस्तार गरिएको रहेछ । एउटै बगैचामा दुई तत्कालिन प्रतिस्पर्धी फ्रान्सेली र अंग्रेजी मोडेल प्रयोग हुनुले नै यस बगैचालाई विश्वविख्यात बनाएको रहेछ । पछि यस बगैंचाका एन्नलो चाइनिज मोडेल र मस्कसहितको टर्किस गार्डेन मोडेल पनि थपिन जाँदा यसको विविधतामा अर्को आयाम थपिन पुगेको रहेछ ।

अलिपरबाट हेर्दा कतै लुगामा भरिएको जरी सितारा त होइन भने जस्तो देखिने बगैंचाका ठाउँठाउँमा फोहोरासहितको पोखरी, अनि गाब्रियल ग्रुप्पेल्लो र पेटर आन्टोनका उत्कृष्ट मूर्तिकलाहरु, कलात्मक तवरले छिमलिएका रुखहरु र संसारको अन्त्य नामक चित्रकला आदिले यस बगैचा संसारकै एक अनुपम मानव सिर्जित स्वर्गीय अनुभूति हुने प्राकृतिक स्थलको रुपमा विकसित हुन पुगेको रहेछ । एउटा चट्टानमा माथि बसेर बाँसुरी बजाइरहेको पेटर सिमोनले बनाएको एक मूर्ति यस बगैंचाको सबैले प्रशंसा गर्ने कलाभित्र पर्दो रहेछ । केही मौलिक पुराना मूर्तिहरुलाई भने दरबारभित्रका संग्रहालयमा सुरक्षित गरी त्यसको ठ्याक्कै दुरुस्त नयाँ मुर्तिहरु बनाइ बगैँचा राखिएको रहेछ ।

### नाचघर

बगैंचाको अर्को दर्शनिय स्थल भनेको त्यहाँ रहेको विविधताले भरि पूर्ण नाचघर रहेछ । सन् १७५३ मा बनाएको यस नाचघर रोकोको शैलीमा निकोलास डे पिगागेद्वारा बनाइएको रहेछ । फ्रान्सेली शैलीमा बनाइएको यस नाचघरमा इटालियन शैली दर्शक बस्ने बक्स भित्तामा खोपिएका रहेछन् । यस नाचघरको प्रयोग आमरुपमा हुने र दर्शक भीडभाड लाग्ने कारण सन् १९५० र १९७० मा यस नाचघरको दर्शक कक्षको आमरुपमा विस्तार गरिएको रहेछ । पूरा दरबार, बगैंचा र त्यहाँ भएका कलाकृति अवलोकन गर्दा करिब ३ घण्टा लाग्दो रहेछ ।




बगैंचाभित्र बाँसुरी बजाइरहेको कुनै बेलाको आकर्षक मूर्ति



बगैंचाभित्र सुरेन्द्र रोटेरियन मित्रहरूका साथ

# ३२. नेपाली कम्युनिस्ट आन्दोलनको एकीकरण निम्ति न्युक्लियसको गठन-३




■ शम्भुराम श्रेष्ठ

भारतको नक्सालवादी कम्युनिस्ट आन्दोलन बारेको छलफलको क्रममा त्यसैसँग जोडेर मोहनविक्रमले ' हामीहरुले माओत्सेतुङ विचार (जसलाई उनीहरु माओ विचारधारा भन्छन्) लाई पनि मार्क्सवाद-लेनिनवाद सरह नै हाम्रो पार्टीको निर्देशक सिद्धान्तको रुपमा अपनाउनुपर्छ र साथै जनवादी चीनलाई विश्वकै क्रान्तिको केन्द्र (अर्थात् नेता) मान्नुपर्छ भन्ने प्रस्ताव राखे । मैले मोहनविक्रमको त्यो प्रस्तावको विरोध गर्दै भने 'माओत्सेतुङ विचार भनेको चिनियाँ जनक्रान्तिको विशिष्ट वस्तुगत सत्यको रुपमा अर्थात् ठोस रुपमा अभिव्यक्तिएको मार्क्सवाद हो र त्यसैले त्यसैका बदौलत चिनियाँ जनक्रान्ति सम्पन्न भएको हो । अतः माओत्सेतुङ विचारलाई मार्क्सवाद-लेनिनवादलाई जस्तै नेपाली क्रान्तिको निर्देशक सिद्धान्त बनाउनुको स्पष्ट अर्थ हुन्छ नेपाली क्रान्तिलाई चिनिया क्रान्तिका सिद्धान्तहरु र नीतिहरु अनुसार सञ्चालन गर्नु । जुन सिद्धान्त र नीति चीनको निम्ति सत्य एवं प्रभावकारी हुन्छन्, तिनीहरु नेपालको निम्ति सत्य एवं प्रभावकारी नहुन पनि सक्छन् । अतः नेपाली क्रान्तिलाई सफलतापूर्वक सम्पन्न गर्नुछ भने हामीहरुले पनि चीनमा कामरेड माओका नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले गरेजस्तै हामी नेपाली कम्युनिस्टहरुले पनि मार्क्सवाद लेनिनवाद (जो आमसत्य) लाई नेपाली क्रान्तिका विशिष्ट वस्तुगत अवस्थाहरुसँग राम्ररी मिल्ने गरी ढाल्नुपर्छ र ढाल्न सक्नुपर्छ । माओत्सेतुङ विचार मार्क्सवाद लेनिनवाद जस्तै आमसत्य होइन, विशिष्ट सत्य मात्र हो र त्यसैले त्यो मार्क्सवाद लेनिनवाद जस्तै नेपाली क्रान्तिको निर्देशक सिद्धान्त बन्न सक्दैन ।

जहाँसम्म जनवादी चीनलाई विश्व क्रान्तिको अर्थात् विश्वका सबै मुलुकहरुका क्रान्तिको केन्द्र अथवा नेता मान्नुपर्छ भन्ने सवाल छ, त्यो पनि गलत समझ हो । चिनियाँ कामरेडहरु हाम्रा आदरणीय एवं भरपर्दो मित्र हुन सक्छन्, तर उनीहरु हाम्रा र हाम्रो कम्युनिस्टहरु मात्रै हुन सक्छन् र तिनीहरुबाहेक, अरुहरु हुन सक्दैनन् । त्यसकारण मोहनविक्रमको दुई बुँदे प्रस्ताव गलत छ र त्यसैले त्यसलाई पारित गर्नु हुँदैन । मोहनविक्रमको उक्त प्रस्तावको विरोधमा आफ्नो कुरा राखिसकेपछि म घर फर्के । मनमोहन अधिकारी र रामबहादुर धामीले उक्त प्रस्तावको विरोधमा मत दिएछन् र बहुमतले पास भएछ ।

अघिल्लो दिनको बैठकको टेन्सनले गर्दा मलाई १०३-४ डिग्रीको ज्वरो नै आयो र म ओछ्यान परेँ । उक्त प्रस्ताव पारित भएका समाचार सुनाउन जयगोविन्द शाह मेरो घरमा आए । उनले सबै कुरा मलाई विस्तारपूर्वक सुनाए । अनि मैले उनलाई डिटेलमा मोहनविक्रमको प्रस्ताव पूर्ण रुपले गलत छ भनी व्याख्या गरी बुझाएपछि उनलाई चित्त बुझ्यो । अनि मैले उनलाई भनें, जुन विचार र विश्वासले हामीले यो 'न्युक्लियस गठन गरेका थियौं, यसबाट त्यो विचार त्यसबाट पूरा हुँदैन भन्ने कुरा प्रस्ट भयो । यसबाट नेपाली कम्युनिस्ट आन्दोलनको पुनःएकीकरण त हुँदै हुँदैन, कम्युनिस्ट आन्दोलनलाई अझ बढ्ता फुटाउने छ भन्ने कुरा निश्चित छ ।' यति भनेर मैले उनलाई उक्त 'न्युक्लियस' बाट राजीनामा दिएको पत्र दिएर पठाएँ । त्यसको भोलिपल्ट बिहान मोहनविक्रम मकहाँ आएर 'कामरेड तपाईं त्यसो गर्नुभएन । राजीनामा फिर्ता लिनुपर्‍यो' भनी कराउन थाले । अनि मैले स्पष्ट र कडाइका साथ भनें, यो 'क्युक्लियस' बाट काम हुँदैन, यसले भएको फुटलाई अरु बढाउने काम मात्र हुन्छ । यो न्युक्लियस' मा अब मेरो विल्कुलै विश्वास छैन । यसैले मैले आफ्नो राजीनामा फिर्ता लिने कुरै हुँदैन । उनी फर्केर गए । त्यसपछि उनले अखिलका विद्यार्थी कामरेडहरुलाई बोलाउँदै ' शम्भुराम राजावादी भयो । तपाईंहरुले उसको विरोध गर्नुपर्छ र विरोध गर्न थाल्नोस् ।' भन्दै उनीहरुलाई मेरो विरोधमा भड्काउन थालेछन् । त्यस समय अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनको महासचिव विश्वकान्त मैनाली थिए । मोहनविक्रमको त्यो रवैया उनलाई मन परेनछ । कुनै पनि न्यायप्रेमी र सवाभिमान व्यक्तिलाई त्यस्तो गलत कुरा मन नपर्नु स्वाभाविकै थियो । एक दिन विश्वकान्त मैनाली मकहाँ आएर मोहनविक्रमले विद्यार्थीहरुलाई भड्काउँदै हिँडेको कुरा बताए । मोहनविक्रमको त्यो बदमासी र ज्यादतीलाई भण्डाफोर गर्नैपर्छ भन्ने मलाई लाग्यो । अनि मैले विश्वेश्वरमान श्रेष्ठमार्फत 'नेपाल पोस्ट' को सम्पादकलाई बोलाएर अन्तर्वार्ता दिइ 'मोहनविक्रमलाई म राजावादी भएको भए, यही पत्रिकामा प्रमाणित गर्न हाँक दिएँ ।' नेपाल पोस्टमा त्यो अन्तर्वार्ता प्रकाशित भएदेखि मोहनविक्रमले मेरो विरोधमा जथाभावी बोलिहिँड्न छाडे । तर अहिलेसम्म पनि आफूसँग विचार नमिलेको कामरेहरुको विरुद्ध षड्यन्त्र गर्ने र नमिलेकाहरुलाई मिलाउने त के, मिलेकाहरुलाई पनि फुटाउने त मोहनविक्रमको जन्मजात स्वभाव नै भइसकेको छ । यस्तो स्वभाव, यस्तो बानी कहिल्यै मर्दैन, मोहनविक्रम मरेपछि मात्र उनीसँगै मर्नेछ ।

पार्टीको पुरानो नेतृत्व पूर्णरुपले फेल भइसकेको र पार्टी खुदै पनि संगठनात्मक रुपले फुटी खण्डित भइसकेको हुनाले पार्टीका एकैजना पनि इमानदार नेता तथा कार्यकर्ता नछुट्ने गरी नयाँ पुरानो सबका सबलाई समेट्ने गरी उनीहरुलाई आआफ्नो अनुभवको आधारमा निसंकोच आफूहरुलाई लागेका कुराहरु सबैको अगाडि राख्न प्रोत्साहित गरी उनीहरुले राखेका कुराहरुमाथि व्यापक छलफल र वादविवाद गर्न लगाई त्यसको निचोडको रुपमा नेपाली क्रान्तिका वस्तुगत अवस्थाहरु सुहाउँदो ठोस एवं मौलिक कार्यक्रम र त्यसलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न सही रणनीति तथा कार्यनीतिहरु तर्जुमा गराई शक्तिशाली एकीकृत कम्युनिस्ट पार्टीको पुनर्निर्माण गर्ने महान उद्देश्यले गठन गरिएको 'न्युक्लियस' अत्यन्तै संकुचित र पुच्छरे स्वभावको हुन गयो । भरनमोहन अधिकारीहरु जस्ता अवसरवादी षड्यन्त्रकारीहरुलाई ' न्युक्लियस' लाई फुटाउने थियो, फुटिहाल्यो । मोहनविक्रम र उसका प्रशंसक भाट निर्मल लामालाई आफ्नो एउटा गुटवादी समूह खडा गर्नुथियो ' चौथो महाधिवेशन' नाउँको समूह खडा गरिहाले । त्यस्तो 'न्युक्लियस' को स्वाभाविक परिणाम बीच बाटोमै अन्त्य हुनु थियो, अन्त्य भइहाल्यो । नेपाली कम्युनिस्ट आन्दोलनको फुटको खाडल पुरिनुको सट्टा अरु बढ्ता फराकिलो हुन गयो । मानसिक संकीर्णता र गुटवादका सिकार प्रायशः गुटवादीहरु नै हुन जाने गर्छन् । एकदमै छोटो समयभित्रै उपरोक्त चौथो महाधिवेशन समूह खुदै फुटी मशाल मसाल र बाउन्ने चौथो महाधिवेशन नामका तीन उपसमूहहरुमा विभाजित हुन गएको तथ्य नै त्यसको उदाहरण हो । ती उपसमूहहरुमध्ये मशाल उपसमह चाहिँ सिद्धान्तनिष्ठ र आफूले भनेको काम गरिछाड्ने स्वभावको निस्कियो, जसको फलस्वरुप त्यो एउटा उपसमूह अहिले नेपालका तीन प्रमुख राजनीतिक शक्तिहरुमध्ये माओवादी कम्युनिस्ट शक्तिको रुपमा विकसित एक प्रभावशाली राजनीतिक शक्ति भएर सबैको सामु उभिएको छ ।

'न्युक्लियस' नफुटेसम्म भरतमोहनहरुले आफ्नो टपर्टुइँयाँ, अवसरवादी स्वभाव अनुसार गुटवादी भँडुवा मोहनविक्रम निर्मल लामाहरुलाई उनीहरुको गुटवादी काम कुराहरुमा सघाउँदै गए । तर 'न्युक्लियस' फुटिसकेपछि जब मोहनविक्रमहरु त्याकथित 'चौथो महाधिवेशन' गरी आफ्नो छुट्टै गुटगत समूह खडा गर्नेतर्फ लागे, अनि मात्रै भरतमोहनहरुले उनीहरुलाई साथ दिन छाडेका थिए, फेल भइहाल्यो ।

स्वास्थ्य

# "त्रिफला" मध्येको एक अचुक औषधि अमला



अमलाको प्रयोग धेरै किसिमको औषधिका रुपमा गरिन्छ । आयुर्वेदमा ' त्रिफला' मध्येमा अमला पनि एक पर्छ । अमला तराई र पहाडी क्षेत्रमा फल्छ । चैत्र वैशाखतिर फूलहरू लाग्दछन् । फलहरू पहिले हरिया र पाकेपछि हल्का पहेँला हुन्छन् । असोजदेखि फागुनसम्म फलहरू संकलन गर्ने गरिन्छ ।

अमलामा प्रशस्त मात्रामा भिटामिन 'सी' पाइन्छ । चिकित्सकका अनुसार ३ वटा सुन्तलामा भन्दा १ वटा अमलामा धेरै भिटामिन हुन्छ । अमला खानाले वृद्ध-वृद्धाहरुलाई युवावस्थामा जस्तै जोस जाँगर प्रदान गर्छ । तर अमलालाई दैनिक खानुपर्छ । अमलालाई सुख्खा चूर्णको रुपमा, अन्य औषधिको रुपमा, अचारको रुपमा वा अन्य कुनै रुपमा प्रयोग गर्न सकिन्छ ।

अहिले बजारमा उन्नत जातका अमलाहरू पनि पाइन्छन् । यी फलहरू जंगली अमलाभन्दा झन्डै दोब्बर साइजका हुन्छन् । अमलाको बोट रोपेको ६-७ वर्ष यसमा राम्ररी फल लाग्न थाल्छ ।

### औषधीय गुणहरू

दिनको दुई-तीनवटा ताजा अमला खाने वा बिहान बेलुका खाना खानुअघि आधादेखि एक चम्चा सुकेको अमलाको चूर्ण खाँदा भोक लाग्छ । अमलाको सुकेको धुलोमा हर्रो र बर्रोको धुलो बराबर मिसाई एक दुई चम्चा सुत्ने बेलामा खाँदा कब्जियतको समस्या निको हुन्छ । सुकेको अमलाको चूर्ण नियमित रूपमा पानीसँग सेवन गर्दा आउँ अपच र कब्जियत निको हुन्छ ।

अमलाको चूर्णले दाँत माझ्ने वा अमलाको पानीले कुल्ला गरेमा स्वास गन्हाउने समस्या हट्छ । केही समयसम्म अमला पनि नियमित रूपले खाने गर्नुपर्छ । सुकेको अमलाको चूर्णमा तोरीको तेल वा चमेलीको तेल मिसाई छालामा लगाउँदा चिलाउने तथा चर्म रोग निको हुन्छन् । यसले छालाका रोग, रक्तनली र मुटुका रोग हुन दिँदैन । यसमा पाइने भिटामिन सीका कारण यस्ता रोगविरुद्ध प्रतिरक्षा गर्न अमला लाभदायी मानिन्छ ।

हप्तामा एकदुईपटक अमलाको चूर्ण वा त्रिफलाचूर्ण पानीमा भिजाई कपालको जरासम्म पुग्ने गरी मालिस गर्नालो चाया हट्ने गर्छ । अमला अर्थात त्रिफलाचूर्ण भिजाएको पानीले नै टाउको धुनुपर्छ । यसो गर्नाले कपाल पनि लामो, चम्किलो र मजबुत हुन्छ । अमलाको सुकेको चूर्णमा गाईको घ्यु वा मह मिसाई राति सुत्नुअघि नियमित सेवन गर्दा आँखा तेजिलो हुन्छ । मोतिविन्दु वा आँखाको अरू रोग भएमा ताजा अमलाको रस आधादेखि एक चम्चा दिनहुँ महमा मिसाई खानाले आँखाको तेज बढाउँछ । सुकेको अमला वा त्रिफलाको पानीले आँखा सफा गर्ने गरेमा पनि निकै फाइदा पुग्छ ।

# कथा : समयको फेरो

लक्ष्मी उप्रेती

रातको समय छ । भव्य होटलको सिसाले घेरेको कोठाबाट हेर्दा विद्युतीय प्रकाशले उजेलिएका सीमाहीन चिल्ला सडकमा आँखा चिप्लिन्छन् । राम्रा सुकिला विभिन्न आकार प्रकारका व्यस्त गाडीहरू वेगवान् गतिले कुदेका छन् आफ्नो गन्तव्य ताक्दै । आवतजावत गरिरहेका गाडीहरूबाट निस्किएको बत्तीको चहकिलो प्रकाशले सडक सुन्दर कलेवरमा सजिएको देखिन्छ । यो मनमोहक वातावरण, यो सपनामा देखिएको सहर विपना भएर पनि मेरो लागि कस्तो अभिशप्त बन्यो, हरे, यो मेरो सुखद पलमा उनको उपस्थिति कस्तो विषादयुक्त बन्यो ? अतीत बिर्सन खोज्छु स्मृतिहरू बग्दै आउँछन् सलल ?

कुनै बेला जसलाई आफ्नो मुटुको टुक्रा जस्तै ठान्थें, आज त्यसैलाई मनको एउटा कुनामा अटाएर राख्न सक्दिनँ । एकान्तमा उनलाई नै सम्झिएर पिउँदै छु उनकै नामका पीडा स्मृतिहरू ।

कुनैकुनै पीडालाई रङ्ग भरेर किन पोत्न सकिँदैन क्यानभासमा ? आज समयको फेरोबाट लम्किएर थुप्रै टाढा पुगेर पनि मन दुख्दैछ उनीसँग बिताएका विगतका सम्झनाहरूमा । छुटिसक्यो भनेको पीडा पनि समयको गर्भभित्र हुर्किरहेको हुँदोरहेछ । उनीसँग हुँदाको समयमा उनीसँगै देख्ने गरेको सपनाको सहरमा छु यसबेला । तर यो कस्तो विडम्बना हो ? यो प्राप्तिको पलमा खुम्चँदै भासिँदै छु । चारवर्ष अगाडि विदेशको आकर्षण र भौतिक सुखसुविधाको मोहमा परेर विप्लवीले मसँगको प्रेम लत्याइन् । त्यस चोटले कति दिनसम्म त म पलपल मर्दै बाँच्दै गरेँ । पहिलो प्रेममा धोका पाउँदा मलाई सहन कति गाह्रो पर्‍यो ?

बिस्तारै-बिस्तारै बाँच्ने प्रेरणा प्राप्त भयो । बुझ्दै जाँदा जीवनप्रति मोह जाग्न थाल्यो र समयले उद्देश्यमा पुग्ने बाटो कोर्दै यसरी यहाँसम्म ल्यायो । ती दिनहरूमा विप्लवी कविता लेख्थिन् मेरा लागि, म चित्र कोर्थें उनका लागि । सम्झन नचाहँदा पनि बिर्सन नसक्ने विगत पोखिन्छ आँखामा । जब एस.एल.सी. पास गरेर म आइ.ए.पढ्नका लागि काठमाडौं आएँ, तब डेरा खोज्दै जाँदा विप्लवीको घरमा पुगेँ । उनको घर मैले पढ्न चाहेको ललितकला क्याम्पस नजिकै भएकाले उनकै घरमा डेरा लिएर बस्न थालेँ । गाउँमा भएको अलिकति खेतीपाती आमाले दुःख गरेर सम्हाल्दै पढ्ने खर्च जुटाएर मलाई पठाउनु हुन्थ्यो । आफ्नो इच्छा अनुसार पढ्ने उद्देश्य राखेर म सहर आए अनि ललितकला क्याम्पसमा पढ्न थालेँ ।

त्यसबेला विप्लवी कक्षा नौमा पढ्थिन् । उनी कविता लेख्ने र म चित्र बनाउने भएकाले कला प्रदर्शनी र साहित्यिक कार्यक्रममा हाम्रो भेट हुन थाल्यो । बिस्तारै हामी एक अर्काका प्रशंसक हुँदै जाँदा हाम्रो मित्रता बढ्दै गयो । दिन बित्दै गए । मेरो फुर्सदको समयमा विप्लवी मसँग हिसाब र अङ्ग्रेजी सिक्न आउन थालिन् ।

एक दिन विप्लवीकी आमाले भन्नुभयो "बाबु, विप्लवीको एस.एल.सी. आउने बेला भयो । अब उसको परीक्षा नसकुन्जेल बाबुले अलि बढी समय निकालेर उसलाई सिकाइदिनु पर्‍यो । परीक्षाभरि बाबुले पनि हाम्रैमा खाना खाने है ।" विप्लवीकी आमाको वचन काट्न सकिनँ र विप्लवीलाई पढाउन थालेँ ।

विप्लवीको एस.एल.सी. परीक्षा सकियो । केही दिनमा परीक्षाफल प्रकाशित भयो । विप्लवी राम्रो अङ्क ल्याएर प्रथम श्रेणीमा उत्तीर्ण भइन् । उनको त्यस सफलतामा उनीहरूले मन खोलेर मलाई धन्यवाद दिए । म पनि उत्पात खुसी भएँ ।

साहित्यमा रुचि भएकाले विप्लवीले नेपाली विषयमा उच्च शिक्षा हासिल गर्ने उद्देश्य राखेर पद्‌म कन्यामा आइ.ए. पढ्न थालिन् । उनी क्याम्पस पढ्न थालीकन साहित्य, कलाका साथसाथै क्याम्पसमा हुने अन्य गतिविधिबारे हाम्रो चर्चा हुन्थ्यो । हाम्रो कुरामा विप्लवीकी आमा पनि सहभागी भएर हामीलाई साथ दिनुहुन्थ्यो ।

गफ गर्दागर्दै चिया नास्तामात्र नभई कहिलेकहीं त विप्लवीकी आमाको करमा परेर खाना पनि त्यहीं खान्थें । आफैले खाना बनाएर खान लाग्दा उनीहरूको भान्छामा पाकेको कुनै न कुनै परिकार विप्लवीले मलाई पनि ल्याइदिन थालिन् । राम्रो अंक ल्याएर म आइ.ए. उत्तीर्ण भएँ । बि.ए. पढ्नका लागि मलाई छात्रवृत्ति प्राप्त भयो ।

किताब या क्यानभास अगाडि बसेर कूचीमा रङ्ग दल्दै औंला खेलाउनु र विप्लवीको नजिकमा बितेको समय सुखद हुन्थ्यो मेरा लागि । बि.ए. को प्रथम वर्षको परीक्षा सकिएपछि केही दिनका लागि घर जाने निधो गरेर विप्लवी र विप्लवीकी आमासँग बिदा मागेँ । त्यसबेला मेरो घर जाने कुरा सुनेर विप्लवीले निन्याउरो अनुहार लगाइन् ।

उनकी आमाले पनि भन्नुभयो "बाबु छिटै फर्कनुहोला, तपाईं हाम्रै परिवारको सदस्य जस्तो हुनुभयो । तपाईं नहुँदा अब हामीलाई शून्य हुन्छ ।"

भोलिपल्ट बिहानै घर जान बाटो लागेँ । घर पुग्दा झमक्क साँझ परिसकेको थियो । आमा मेरा लागि मनपर्ने खानाको परिकार बनाएर घाम अस्ताउनु अघिदेखि नै बाहिर पिंढीमा बसेर मेरो बाटो हेरिरहनु भएको रहेछ ।

घर पुगेर आमालाई ढोगेँ । आमाले मलाई सुमसुम्याउँदै बल्ल आइस् मेरो बाबु भनेर भावविभोर हुनु भयो । म पनि वात्सल्यमा चुर्लुम्म डुबेर आनन्दविभोर भएँ ।

केही दिन बित्न नपाउँदै विप्लवीको अभाव खड्किएर मभित्र खालीपन भइनै रह्यो । विप्लवीको सम्झनामा बहकिएर आमाको स्नेहमा म ठयाक्कै रमाउन सकिनँ । त्यसैले विप्लवीको सामीप्य पाउन केही दिनपछि नै काठमाडौं फर्किएँ । विप्लवीसँगको बिछोडमा रमाइलो बेचैनीले विक्षिप्त भएको अनुभव गरेँ । उनीसँग थाहै नपाई प्रेम भैसकेको रहेछ । यता विप्लवी पनि म नहुँदा विचलित भइछिन् । म पुगेपछि किन यति धेरै दिन लगाउनु भयो । अलि छिट्टै आउनुपर्थ्यो नि भन्दै सुँक्क सुँक्क गरिन् । हो, त्यसबेला उनले मलाई प्रेम गरेकी थिइन् । साँचो प्रेम ।

समय बित्दै गयो । मैले बि.ए. फाइनल परीक्षा दिएँ । केही दिनमा परीक्षाफल प्रकाशित भयो । राम्रो अंक ल्याएर प्रथम श्रेणीमा नै उत्तीर्ण भएँ । मेरो सफलतामा विप्लवी र उनकी आमा पनि रमाए । घरमा गएको बेला आमाको दुःख देखेर म भित्रभित्रै पिरोलिरहेको थिएँ । त्यसैले मैले डिग्रीको पढाइसँगसँगै जागिर खाने निर्णय गरेँ । जागिरका लागि आफ्नो बायोडाटा लिँदै थुप्रै कार्यलय चाहारेँ । फलतः एउटा राम्रो कम्पनीमा चित्त बुझ्दो जागिर पाएँ र डिग्री पढ्दै जागिर खान थालेँ ।

त्यसपछि शनिवार बाहेक अन्य दिनहरूमा म व्यस्त नै रहन थालेँ । शनिवारचैं विप्लवीसँग कहिले सिनेमा हेरेर, कहिले धुलिखेल, गोकर्ण, नगरकोट, साँखु, सुन्दरीजल, चोभारजस्ता रमणीय स्थानमा घुमफिर गरेर रमाइलै रमाइलोमा बित्दथ्यो ।

खुसी खुसीमा नै दिन बितिरहेका थिए । एक दिन गाउँबाट आमा निकै बिरामी हुनु भएको छ भन्ने खबर आयो । यस्तो खबर सुनेपछि विप्लवीलाई समेत भन्न भ्याइनँ र हतारिएर गाउँतिर लागेँ । आमाको अवस्था निकै कमजोर भैसकेको रहेछ । अनि केही दिनमा आमाको उपचारको लागि काठमाडौं नै लिएर आएँ ।

यसै बीचमा निकै वर्ष विदेशमा बस्ने एउटा नेपाली मानिस विप्लवीको घरमा फ्याल्ट नै भाडामा लिएर बस्न थालेको रहेछ । त्यो मानिससँग बिस्तारै-बिस्तारै विप्लवीको हिमखिम बढ्दै जान थालेछ ।

आमाको उपचारमा व्यस्त भएर म कति दिन अफिस पनि गइनँ । पढाइ छुटे नै जस्तो भयो । विप्लवीसँगको भेट पनि पातलिन थाल्यो । बल्ल-बल्ल समय निकालेर भेटन जाँदा पनि कहिले यो काम कहिले ऊ काम भनेर उनी मबाट टाढा हुन्थिन् । उनको भान्छामा पाकेको खानेकुराहरू मेरा लागि आउनै छाड्यो । विप्लवीकी आमाको पनि व्यवहार बदलिन थाल्यो । बिस्तारै उनीहरूले त्यो विदेशबाट आएको केटालाई नजिक बनाउँदै गए ।

एकातिर दिन प्रतिदिन आमाको बिग्रँदो स्थितिले म चिन्ताग्रस्त थिएँ भने अर्कातिर विप्लवीको यस्तो प्रकारको व्यवहार देखेर म झन् विक्षिप्त भएँ ।

यसरी नै तीन महिना बिते । अन्तमा आमालाई निको नहुने रोग क्यान्सर लागेको थाहा पाएँ । त्यस्तो अवस्थामा पनि विप्लवीले मलाई सहानुभूतिसम्म दिइनन् । बरु मेरै अगाडि त्यो केटासँग हाँसी-हाँसी हिँड्न थालिन् ।

यस्तो देखेर मलाई सहन निकै गाह्रो पर्‍यो । एक दिन उनलाई उनकी आमाकै अगाडि विप्लवी, आमालाई क्यान्सर भएछ । यसबेला तिम्रो साथ भएन भने म विचलित हुन्छु । तिमीले मेरो पीडालाई बुझ्ने छौ भनेर भावविभोर हुँदै भनेँ । त्यति भन्दा पनि विप्लवीमा कुनै परिवर्तनका रेखाहरू देखिएनन् । मेरो कुरा सुनी मात्र रहिन् । उनकी आमाले पनि केही भनिनन् । त्यस दिनको मेरो भनाइले उनीहरूलाई के प्रभाव पार्‍यो कुन्नि मलाई थाहा छैन, तर त्यसको चारपाँच दिनपछि विप्लवीको त्यही केटासँग बिहे हुँदैछ भन्ने सुनेँ । यो खबरले एक्कासि मलाई ठूलो चोट पर्‍यो र पनि पहिलो प्रेमको विश्वास जोगाएर निरीह हुँदै विप्लवीनिर गएर विप्लवी, तिम्रो बारेमा मैले सुनेको कुरा ठीक हो भनेर आत्तिँदै सोधेँ ।

मेरो निरीहताको मतलबै नराखी "हो नि ! मेरो बिहे भन्दा तपाईं आत्तिनु पर्ने कुरा के छ र ?" उनले रुखो जवाफ दिइन् । उनको यस्तो जवाफले मलाई झन् घायल बनायो । मैले केही पनि सोच्न सकिनँ । मुटुकै टुक्रा झिकेँ झैं गरी मन दुख्यो र पनि विप्लवीसँग छुटिएँ । त्यहाँदेखि त झन् उनले मसँग भेट्नै चाहिनन् । केही दिनमा उनको त्यही केटासँग बिहे भयो र उनी पनि उससँगै विदेश गइन् । एकातिर आमा निको नहुने रोगबाट पीडित र अर्कातिर प्रेममा पाएको धोका सहन निकै गाह्रो परेर म विचलित भएँ । मेरो चिन्ताले आमाको रोग झन् थपियो । अनि एक दिन "बाबु, बरु डाक्टरलाई सोधेर औषधिहरू लिएर घर नै जाऔं । यहाँ मलाई झन्झन् गाह्रो भयो । तँ पनि एक्लै छस् । गाउँमा त छरछिमेकीहरूले पनि सहयोग गर्छन् । गाउँमा राम्रा गतिला तँलाई माया गर्ने केटी छन् । म मर्नुअघि नै तेरो बिहे गरेर बुहारीलाई आफैं भित्र्याउन पाए सन्तोष हुन्थ्यो । त्यसैले नानी उतै जाऔं ।" आमाले मलाई फकाउनु भयो ।

मेरो सपना टुटिसकेर म निराश भएको बेला, म प्रेमपीडामा विक्षिप्त भएर केही पनि सोच्न नसक्ने भई विचलित भएको स्थितिमा आमाको स्याहार गर्न सकेको थिइनँ । यहाँ आमाको लागि सोच्ने अरू कोही थिएनन् । त्यसैले विप्लवीको घर सधैंका लागि छोडेर अन्धकारमा रुमलिँदै बिरामी आमालाई लिएर आफ्नै गाँउको घरमा गएँ । गाउँमा छिमेकीहरू आमालाई सहानुभूति दिन, सेवासहयोग गर्न आइरहन्थे । आमा जोसँग पनि छोराको बिहे गरिदिएर मेरै हातले बुहारी भित्र्याउन पाए मलाई सन्तोष हुन्थ्यो भनेर भनिरहनु हुन्थ्यो । आमाको यो इच्छा नचाएर पनि स्वीकार्न म बाध्य भएँ । फलतः गाउँ गएकै दुई महिनामा मेरो विवाह दिप्ती नामकी केटीसँग भयो ।

मेरो बिहेमा बिरामी आमा पनि उजेलिनु भएर दिप्तीलाई भित्र्याउनु भयो । जब दिप्ती मेरो जिन्दगीमा आइन् तबदेखि मेरो जीवनले अर्को मोड लियो । दिप्तीले आमाको स्याहारसुसारमा कुनै कमी राखिनन् । आमाको पीडा बढ्दै गए तापनि बुहारी भित्र्याउन पाउँदा उहाँ खुब खुसी हुनु भयो । दिप्तीको साथ पाएर आमालाई सेवा गर्दा गर्दै दिन बित्दै गयो ।

आमालाई रोगले झन्झन् च्याप्न थाल्यो । आमा रोगको पीडा सहन नसकेर खुब छटपटाउनु हुन्थ्यो । हामी हेरिरहन्थ्यौं, तर केही गर्न सक्दैनथ्यौं । हेर्दाहेर्दै हाम्रै अगाडि आमा बित्नु भयो । आमाको मृत्युले मलाई निकै नै कमजोर बनायो । दिप्तीले मेरो पीडा र दुःखका हरेक क्षणमा साथ दिँदै सुमसुम्याइरहिन् ।

आमाको मृत्यु भएपछि मलाई गाउँ बस्न पटक्कै मन लागेन । जागिर र पढाइ सबै छाडेर आमालाई लिएर गाउँ आएपछि मेरो जीवनको उद्देश्य नै अलमलिएको थियो । त्यसैले आमाले दिएको आज्ञा अनुसार एक वर्षपछि त्यहाँको खेतबारी बेचेर हामी काठमाडौं आयौं । काठमाडौं आएको केही समयपछि पुरानै कम्पनीमा म फेरी काम गर्न थालेँ । दिप्ती पनि एउटा प्राइभेट स्कुलमा पढाउन थालिन् । हाम्रो जीवन राम्ररी बित्दै गयो । दिप्तीको साथले पेन्टिङलाई फेरि निरन्तरता दिदैं प्राइभेटबाट डिग्री पनि पूरा गरेँ । वास्तवमा दिप्ती जस्ती समझदार जीवनसाथी पाएर मैले विप्लवीलाई बिर्सदै गएँ । यसबेला एक वर्षको छोरो छ हामीलाई आनन्दले भुलाउने । आमाको आशीर्वाद र दिप्तीको साथले चित्रकलाको माध्यमबाट आज म पुरस्कृत भएर फ्रान्सको पेरिसमा आइपुगेँ । यत्रो ठूलो पुरस्कार प्राप्त गरेको आजको मेरो सुखद दिनमा विप्लवीसँगको विगतले मलाई विक्षिप्त बनायो । आज उनीसँगको भेट मेरो लागि कस्तो दुर्भाग्य बन्यो ?

प्रतियोगिताका लागि मैले पनि नेपालबाट पेन्टिङ पठाएँ, त्यसमा पुरस्कृत भएँ । मलाई समय र स्थान तोकेर निमन्त्रणा गरियो । म आएँ, जीवनमा अर्कै सपना सजाउँदै । तर जिन्दगीको यात्रा सोचेजस्तो कहाँ हुँदो रहेछ ! यहाँका सञ्चारस्रोतहरूले प्रचारप्रसार गरेरकाले फ्रान्समा रहेका नेपालीहरूले थाहा पाएछन् । अनि गौरवका साथ मलाई बधाई दिन पुरस्कार समारोह स्थलमा नेपालीहरू आएछन् । पुरस्कार लिएर जब म बाहिर निस्किएँ, तब नेपालीहरूले हार्दिकताका साथ मलाई बधाई दिए ।

अलिकति मुख छोपेर निरीह भएर एउटी महिला आँखाका डिलमा आँसु भरेर उभिरहिन् । चिने झैं लागेर म उनी नजिक गएँ । छोपेको मुख देखाइन् उनी विप्लवी थिइन् । त्यहाँ उनी केही पनि बोल्न सकिनन्,आँसु बरबरी झार्न थालिन् । म बस्ने होटलको कार्ड उनलाई दिँदै म भोलिसम्म यही होटलमा बस्छु, तिमी आउन सक्छयौ भने भोलि बिहान आठ बजे आइपुग्नू, हामी नास्ता सँगै गरौलाँ भनेँ । हुन्छ ! भन्दै उनी फरक्क फर्किएर एक निमेषमै भिडबाट ओझेलिइन् ।

विप्लवी बिहान ८ बज्नुभन्दा अघि नै आएर होटलको काउन्टर अगाडि मलाई पर्खिएर बसिरहेकी रहिछन् । उनलाई देखेपछि नास्ता लिने ठाउँतिर बोलाउँदै नास्ता लिएर हामी दुइटा कुर्सी भएको टेबलमा गएर बस्यौं ।

अनि मैले नै "विप्लवी तिमी आफ्नो श्रीमान्‌सँग खुसी नै छयौ हैन त ?" कुरा सुरु गरेँ । मेरो प्रश्न सुनेर उनी एकाएक बरबरी आँसु झार्दै रुन थालिन् । वरिपरिका मानिसहरूले के भन्लान् भनेर मलाई अफ्ठेरो लाग्यो । अन्यौलग्रस्त हुँदै म चुप लागिरहेँ ।

एकछिन रोएपछि आँसु पुछ्दै "मलाई माफ गर्नुहोला । तपाईंलाई धोका दिएर मैले ठूलो गल्ती गरेँछु, जुन गल्तीको कारण तपाईंका सामु पर्न पनि आफैंलाई लाज लाग्छ । जोसँग बिहे गरेर म यहाँ आएँ, उसले छ महिना अगाडि विदेशी केटीसँग अर्को बिहे गरेर कुनै खबर, कुनै ठेगाना समेत नदिई मलाई यहाँ अलपत्र छाडेर कहाँ गए कहाँ, म एक्लै छु यो अर्काको मुलुकमा । यहाँ मैले थुप्रै मानसिक र शारीरिक यातना भोग्नु पर्‍यो । ती दिनहरूमा तपाईंलाई सम्झेर औधी तड्पिन्थेँ । आमा पोहोर बित्नु भयो," घुक्कघुक्क रुँदै वेदनाले भरिएको स्वरमा विप्लवीले भनिन् ।

पहिलो प्रेम गरेकी विप्लवीको यस्तो स्थिति देखेर मलाई भित्रभित्रै पीडा भयो । उनलाई यस्तो बिचल्लीमा छाडेर म कसरी जान सक्थेँ र ? त्यसैले "तिमी नेपाल नै फर्क त्यसो भए । यहाँ किन एक्लै बस्छयौ त" भावुकताकासाथ मैले भनेँ । अत्तालिँदै "हुन्छ ! म पनि तपाईंसँगै जान्छु न त" आशातीत भावमा उजेलिँदै विप्लवीले भनिन् ।

सायद विप्लवीले मसँगै नै जीवन बिताउने आशा गरेर यसो भनेको होला । मेरो दाम्पत्य जीवनका कुरा यिनलाई थाहा नहुन सक्छ । त्यसैले मेरा आफ्ना कुरा भनेरमात्र उनलाई सहयोग गर्छु भन्ने सोचेर "नेपाल फर्कनका लागि मेरो आजको रिर्जभेसन छ । तिमी पनि मसँगै जाने भए तिम्रो टिकट मिलाउनका लागि मेरो रिर्जभेसन क्यान्सिल गर्छु । तर तिमीलाई मेरा केही कुरा भन्छु । मलाई बुझ्ने मेरो दुःख सुखमा साथ दिने मेरी जीवनसाथी दिप्ती छिन् र हाम्रो एक वर्षको छोरो पनि छ । म उनलाई धोका दिन्नँ । त्यसैले तिमीलाई मित्रलाई गर्न सक्ने सहयोग मात्र गर्न सक्छु, त्यसभन्दा बढी म केही गर्न सक्दिनँ" उनी भ्रममा नपरून् भन्ने सोचेर उनको अनुहार हेर्दै आफ्ना कुरा भनेँ ।

मेरो कुरा सुनेपछि उनी निरीह बनेर मलाई हेरेर टोलाइरहिन् । केही बोल्न सकिनन् । एकछिनपछि अनौठो अनुहार लगाउँदै बल गरेर भनिन् "भै गयो त । तपाईंलाई दुःख दिन्नँ" एकछिन चुप लागेर फेरि अवरुद्ध आवाजमा बोलिन् "अब मैले नेपाल कस्का लागि जानु र ?" बरर आँसु खसालेर त्यहाँबाट जुरुक्क उठेर सुरु-सुरु हिँडिन् ।

होटल बाहिरसम्म म उनको पछि लाग्दै विप्लवी.....विप्लवी भनेर कराएँ । तर उनी पछाडि नफर्कीकन अगाडि बढिन् । उनलाई रोक्न उनी पछि-पछि अलि परसम्म गएँ तर उनी दौडँदै अगाडि बढेकाले भेट्ने आसै भएन । फेरि उनलाई पछ्याउँदै टाढा टाढासम्म जान सक्तिनथेँ । किनभने बिरानो ठाउँ म कतै अलमलिएर बाटो फरक पर्‍यो भने मेरो प्लेनको समय फुत्कन सक्ने डर थियो । त्यसैले उनलाई हेरिरहेँ...बस हेरिरहेँ, जबसम्म मेरो दृष्टिबाट उनी ओझेलिइनन् तबसम्म हेरिरहेँ ।

# सफल होला अफगान शान्ति वार्ता ?




काठमाडौं - पछिल्लो करिब दुई दशक हिंसा, हत्या र आतंकको चपेटामा परेको अफगानिस्तानमा यतिखेर पुनः एकपटक शान्ति वार्ताको प्रयास थालिएको छ। अफगानिस्तानमा अमेरिका-तालिवान युद्धको १८ वर्ष ४ महिनापछि यसै महिना कतारको दोहामा शान्ति सम्झौतामा हस्ताक्षर भएको छ । विश्वका २८ देशका कूटनीतिज्ञको रोहवरमा भएको सो सम्झौताको विश्वव्यापी चर्चा भएसँगै अफगानिस्तान नागरिकले भने यसअघिको जस्तो शान्ति प्रयास असफल नहोस् भनी शान्तिको कामना गरिरहेका छन् ।

अमेरिका र अफगानिस्तानका तालिबानबीचको सो वार्तामा अफगान सरकारको उपस्थिति नहुनुले भने सम्झौता कार्यान्वयनमाथि संशय पैदा भएको थियो । अफगानिस्तानबाट आफ्नो सेना फिर्ता गर्नुपर्ने अमेरिकाले राखेको पहिलो शर्त हो । अमेरिका उक्त शान्ति सम्झौताको कार्यान्वयनमा आफै अघि सऱ्यो भने यसले तालिबानहरुलाई पनि कार्यान्वयनका लागि बाध्य बनाउने देखिन्छ । तर, तालिबानहरु उक्त सम्झौताबमोजिम अघि बढ्ने बताएकाले शान्ति सम्झौता कार्यान्वयनको आशा बढ्दैछ ।

तालिबानले अमेरिकासँगको वार्तामा प्रमुख मागका रूपमा अमेरिकी सेनाको फिर्तीलाई अघि सारेका थिए । तीमध्ये हाल अमेरिकामा रहेका करिब १० हजार अमेरिकी सेना आगामी १४ महिनाभित्र फिर्ता गरिसक्ने र ५ हजार जना भने तत्कालै फिर्ता गर्नुपर्ने भन्ने हो । त्यसैगरी उनीहरूको अर्को माग अफगान जेलमा रहेका ५ हजार तालिबान लडाकुलाई मुक्त गर्नुपर्ने भन्ने हो । यसअघिको जस्तै यस पटकको शान्ति वार्ताको पनि पूर्वसर्तका रूपमा उनीहरूको रिहाइको माग तालिबानले राखेका छन् ।

यसबीचमा केही समयभित्र अन्तरअफगान वार्ता गर्ने भन्ने उक्त शान्ति सम्झौताको अर्को एउटा सर्त छ । त्यो भनेको अफगान सरकार, त्यहाँका विभिन्न राजनीतिक दल, विविध नागरिक समाज र तालिबानबीच वार्ता गर्ने भनिएको हो । सो वार्तासँगै यी सर्तहरू पनि पूरा हुँदै जाने भए पनि अमेरिकाले कम्तीमा ५ हजार सेना तत्कालै फिर्ता गर्ने र अफगान सरकारले आफ्नो थुनामा रहेका ५ हजार तालिबान लडाकुलाई तत्कालै रिहा गर्नुपर्ने सर्त नै प्रमुख हो । तर, यसप्रति अफगान सरकारको आपत्ति रहेको छ । अफगान राष्ट्रपति असरफ घानीले भने सरकारको अनुपस्थितिमा भएको सो सम्झौता मान्न आफू बाध्य



नहुने बताएका छन् ।

यसले अफगान सरकारको सार्वभौमिकतामा नै प्रश्न उठाएको उनको भनाई छ। सम्झौतापछिका केही दिनसम्म तालिबानले जारी राखेका हिंसात्मक आक्रमणले नै संशय बढाएको हो । दोहा शान्ति वार्तालगत्तै सो प्रतिक्रिया दिए पनि पछिल्ला केही दिनमा राष्ट्रपति घानीले उक्त सम्झौतालाई आंशिकरूपमा कार्यान्वयन गर्ने जनाउन दिएका छन् । उनले तत्कालका लागि अफगान जेलमा रहेका एक हजार पाँच सय तालिबान लडाकु रिहा गर्ने र ती पनि लामो समयसम्म जेलमा रहेका, वृद्धवृद्धाहरू तथा रोगीहरूलाई मुक्त गर्न सकिने बताएका छन् । त्यसमा पनि उनको सर्त के छ भने यसरी निस्किनेहरूले आगामी दिनमा अफगानिस्तानमा हत्या हिंसाका काममा सहभागी नहुने वाचा गराएर उनीहरूलाई रिहा गर्न सकिने बताएका छन्, जुन कुरा तालिबानले मान्य नहुने बताएका छन् ।

तर, यी विविध संशयहरूसँगै अफगानिस्तानका प्रमुख दुई द्वन्द्वग्रस्त क्षेत्र हेलमान्ड र कान्दाहारबाट अमेरिकाले आफ्ना सेना फिर्ता गर्ने कामको भने थालनी गरिसकेको छ । यसबाट दोहा शान्ति सम्झौताले पूर्णता पाउने झिनो आशा पलाएको छ । तालिबानहरूको पहिलो सर्तका रूपमा रहेको अमेरिकी सेनाको फिर्तीको एजेन्डा कार्यान्वयनमा आएसँगै अब तालिबानहरूलाई पनि बाध्य बनाएको छ । अमेरिकाको सर्त भने तालिबानहरूले अफगानिस्तानमा अहिलेको हिंसा रोक्नुपर्ने भन्ने नै मुख्य हो ।

दोहाको द्विपक्षीय शान्ति सम्झौतामा अफगान सरकारको अनुपस्थितिले कतिपय विश्लेषकहरूमा उब्जाएको दीर्घकालीन शान्तिको सम्भावनामा तालिबानहरूले थोरै भए पनि विश्वास दिलाउन खोजेको देखिन्छ । सम्झौतका केही दिन काबुलमा हमला गरेर हिंसा नरोकेको तालिवानले पछिल्लो हप्ता भने विज्ञप्तिमार्फत उक्त सम्झौतालाई ईश्वरको आदेश भनेको छ । तालिबान संगठनले सो सम्झौता कार्यान्वयनका लागि आफ्ना लडाकूहरूलाई निर्देशन पनि दिएको छ ।

तालिवानले उक्त सम्झौतालाई अमेरिकी पक्षबाट उल्लंघन भएमा मात्र आफूहरूले पनि उल्लंघन गर्ने भन्दै नत्र अफगानिस्तानका सबै महिला र पुरुषलाई नै अधिकार सम्पन्न गरेर अघि




बढ्ने र केही दिनमा सुरु हुने भनिएको आन्तरिक संवादपछि अफगानिस्तानको भावी राजनीतिको दिशानिर्देश हुने बताएको छ । त्यसैले यहाँका नागरिकमा शान्तिको आशा पलाएको हो ।

काबुल विश्वविद्यालयका प्राध्यापक सैयद मसुदले यस सम्झौताप्रति संशय प्रकट गर्छन् । यो सम्झौताले अफगान सरकारको भूमिकालाई कमजोर देखेकाले राष्ट्रपति घानी नै एक कदम अघि बढेर योगदान गर्नुपर्ने उनी बताउँछन् । प्राध्यापक सैयदको आसय छ- अफगान युद्ध तथा सिंगो अफगानिस्तानमा निर्णायक अमेरिका नै हो भन्ने सन्देश यो सम्झौताले दिएकाले यहाँका सबै तालिबान आफ्नो नेतृत्वले गरेको सम्झौताप्रति सहमत हुन सक्नुपर्छ ।


अफगानिस्तानको राजनीतिबारे अमेरिकाले निर्णय गर्छ भन्ने कुराको पुनः पुष्टि हुने उनको भनाई छ । तर, अमेरिकाले शान्ति स्थापना गर्दैछ र त्यसमा हाम्रो सहमति छ भन्ने धारणा सबै तालिबानको हुनुपर्ने देखिन्छ । सन् १९९४ मा इस्लामिक कट्टरपन्थका रूपमा तालिबानको उदय भएको हो । सन् १९९६ सम्म त्यहाँ तालिबानले त्यहाँको करिब ९० प्रतिशत भूभाग कब्जामा लिइसकेको थियो । त्यसपछि १९९८ पछि सन् २००१ सम्म अफगानिस्तानमा ताबिलानले नै शासन गऱ्यो । अमेरिकाको न्युयोर्क्स्थित विश्वप्रसिद्ध ट्विन टावरमा सन् २०११ को सेप्टेम्बर ११ मा भएको अल कायदाको आक्रमणपछि अल-कायदा प्रमुख ओसामा बिन लादेनलाई खोज्न अफगानिस्तानमा अमेरिकी सेना भित्रियो । त्यसपछि सन् २००१ अक्टोबर ७ बाट अफगान युद्ध आरम्भ भएको हो । त्यसयता अफगानिस्तानलाई तालिबान लडाकूले युद्धभूमि बनाएका छन् ।

अफगानमा अमेरिकाको अहिलेसम्मकै लामो युद्ध हो । तथ्यांकअनुसार अफगानिस्तानमा अमेरिकाका दुई हजार चार सय सैनिक मारिएका छन् । त्यस युद्धमा दशौं हजार अफगान नागरिकको ज्यान गएको छ । त्यहाँ अमेरिकाको रक्षा बजेट २० खर्ब डलर नाघेको छ । युद्धले भत्काएका संरचनाको पुनर्निर्माण, सरकारलाई रक्षा सहयोग समेतका शीर्षकमा अमेरिकी सहयोग त्यहाँ जारी नै छ । सन् २००१ मा नौं हजार सात सय अमेरिकी सैनिक अफगानिस्तानमा छिरेको थियो । पछि नेटो सैन्यका रूपमा करिब डेढ लाख सेना त्यहाँ रह्यो भने अहिले ती सबै फिर्ता भएर हाल अफगानिस्तानमा नौं हजार नौं सय जति सेना छ ।

करिब पाँच हजार फौज नेटो सम्बद्ध मुलुकको छ । सन् २०१९ मा मात्र अमेरिका र सैन्य गठबन्धनले सैन्य खर्च ५२ अर्ब डलर गरेका छन् । हुनत यसअघि पनि पटक-पटक वार्ता नभएको होइन । ती वार्ताहरूमा उनीहरूले निकै कडा सर्तहरू राख्ने गरेकाले सफल हुन सकिरहेको थिएन । उनीहरूले यसअघि पनि वार्तामा बस्ने क्रममा नेटो सेनाको बहिर्गमनलाई पहिलो सर्तका रूपमा अघि सार्थे । नेटो सैनिक फिर्ता नहुँदासम्म अफगान सरकारसँग पनि वार्ता नगर्ने उनको माग पुरानै हो । तर, सो मागमा सरकार तयार हुनसक्ने अवस्था नभएपछि विगतका वार्ता विना निष्कर्ष टुंगिने गरेको हो ।

वर्तमान अफगान राष्ट्रपति असरफ घानी सुधारवादी र उदारवादी शासक मानिन्छन् । उनी विश्व बैंकमा रहेर काम गरिसकेका छन् । र, एक कुशल अर्थशास्त्रीको पहिचान पनि बनाइसकेका छन् । अफगानिस्तानमा शान्ति स्थापना गर्ने उनको निर्वाचन एजेण्डा नै थियो । त्यसैले पनि उनले यो पछिल्लो कार्यकालमा भएको शान्ति स्थापनाको यो प्रयास सार्थक हुने अपेक्षा नागरिकले गरेका छन् । तालिबानसँग सहकार्य गरेर शान्ति प्रक्रियालाई निष्कर्षमा पुयाउनसक्नु नै उनी र अफगान सरकारको महानता हुनेछ । *रासस*

## कालिन्चोक हिमपातपछिको स्वर्ग



रङ्गीचङ्गी जस्ताका छाना भएका भिन्नभिन्न शैलीका आकर्षक घर, अनि झुरुप्प बस्ती । चारैतिर हिउँले घेरिएका डाँडाको बीचमा सानो उपत्यका । हेर्दै मनमोहक लाग्ने दृश्य । साँच्चिकै रमणीय छ, प्राकृतिक एवम् धार्मिक हिसाबले कहलिएको कालिञ्चोक ।

यहाँ कालिञ्चोक भगवती मन्दिर क्षेत्रको कुरी उपत्यकाले मनलाई शान्त बनाउँछ । दोलखा



सदरमुकाम चरिकोटबाट १७ किलोमिटर दूरीमा रहेको कालिञ्चोक क्षेत्र, आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य पनि हो ।

कालिञ्चोक भगवतीको दर्शन गर्ने र हिउँ खेल्नेहरुले अहिले कुरी भ्याली भरिभराउ छ । आँखै अघिका हिमाल र टाकुराहरुले मन फुरुङ्ग बनाउँछ । कालिन्चोक भगवतीको आँगनमा उभिएर पूर्वदेखि पश्चिमसम्मका लमतन्न भएका हिमालले जोकोहीलाई लोभ्याउँछ ।

ठूला-ठूला चौर र चौंरी गाईको उपस्थितिले यस स्थानको सुन्दरतालाई थप पुलकित पार्छ । धार्मिक एवम् पर्यटकीय सम्पदाका दृष्टिले महत्वपूर्ण दोलखाका विभिन्न उच्च हिमाली क्षेत्रमा यो बर्ष भारी हिमपात भएकाले पनि हिउँ खेल्नैका लागि हजारौं पर्यटक कालिञ्चोक पुगेका छन् ।

कोरोना भाइरस (COVID 19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रेरक

## ईर्ष्या र घृणा

एकपटक एक महात्माले आफ्ना शिष्यहरूसित भोलिपल्टको प्रवचन सुन्न आउँदा कुहिएका आलुमा आफूले सबैभन्दा ईर्ष्या र घृणा गर्ने व्यक्तिका नाम लेखेर ल्याउन अह्राए । महात्माको भनाइअनुसार आफूमा जति जनामाथि ईर्ष्या र घृणा छ, त्यति नै आलु ल्याउनुपर्ने थियो ।

भोलिपल्ट सबै भक्तजन आलु लिएर आए । कसैका साथमा चार, कसैसित ६ त कसैसित आठ-दश आलु थिए । सबैमा उनीहरूले आफूले ईर्ष्या र घृणा गर्ने गरेका मानिसका नाम लेखेका थिए । प्रवचनको समयमा सबैका साथमा रहेको आलुको झोलातिर संकेत गर्दै महात्माले भने- मेरा प्रिय भक्तजनहरू हो! तपाईंहरूले मेरो अनुरोधलाई स्विकार्दै आफूले ईर्ष्या र घृणा गर्ने पात्रका नाम लेखी जुन आलु ल्याउनुभएको छ, त्यसलाई आगामी सात दिनसम्म खाँदा, सुत्दा, हिँड्दा, काम गर्दा जतिखेर पनि आफूसँगै राख्नुहोला ।

शिष्यहरूले महात्मा के चाहन्छन् भन्ने अनुमान लगाउन सकेनन् । तैपनि, उनीहरूले आदेशको अक्षरशः पालना गरे । दुई-तीन दिनपछि नै शिष्यहरू एकअर्कासित गुनासो गर्न थाले । जोसित बढी आलु थियो, तिनीहरू बढी नै कष्टमा थिए । जसोतसो उनीहरूले सात दिन बिताए । सात दिनपछि उनीहरू सबै महात्माको शरणमा पुगे ।

उनीहरूको हालत देखेर महात्माले भने- अब तपाईंहरू सबैले आआफ्नो आलुको झोला निकालेर बाहिर फोहोर राख्ने स्थानमा छाडेर आउनुहोस् । सबैले आज्ञाको पालना गरे । त्यसपछि पुनः महात्माले प्रश्न गरे- बितेका सात दिन कस्ता रहे ? शिष्यहरूले आआफ्ना कष्टबारे सुनाए ।

आलुको दुर्गन्धले सताएको र अहिले निकै हल्का महसुस भइरहेको पनि उनीहरूले बताए । महात्माले भने- मात्र सात दिनमै तपाईंहरूलाई यी आलु यति ठूलो बोझ बने भने जोजो मानिसलाई तपाईंहरू ईर्ष्या या घृणा गर्नुहुन्छ, उनीहरूको बोझ तपाईंहरूको दिमागमा पक्कै पर्छ । र, यो बोझ तपाईंहरू जीवनभर बोकिरहनुहुन्छ । एकछिन सोच्नुहोस् त,ईर्ष्या र घृणाको बोझबाट तपाईंको मस्तिष्कमा कस्तो प्रभाव पर्ला ? त्यसैले, आजैदेखि ईर्ष्या र घृणालाई मनबाट निकालिदिनुहोस् र मनलाई स्वच्छ र स्वस्थ राख्नुहोस् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला । अस्वस्थताले काममा जुट्न नसकिएला । आशा देखाउनेहरूबाट उचित सहयोग प्राप्त नहुन सक्छ । आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । काममा दोहोर्‍याएर प्रयत्न गर्दा मेहनतको फल प्राप्त हुनेछ । फाइदा नहुने काममा जुट्नु परे पनि सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ ।

### बृष

आफ्ना सूचना बाहिरिनाले समस्या पर्न सक्छ । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ । सामान्य काममा धन र श्रम खर्चनुपर्ला । पहिले बिग्रिएको काममा दोहोर्‍याएर प्रयत्न गर्दा फाइदा उठाउन सकिनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला । समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ ।

### मिथुन

हडबडले काम बिग्रनेछ भने धैर्य एवं मेहनतले मनग्य आम्दानी दिलाउनेछ । अतिथिका रूपमा सम्मान प्राप्त होला । मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिने सम्भावना छ । विभिन्न सहयोग र उपहार पाइनेछ । सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् । परिवारजनको साथले नयाँ आशा जगाउनेछ । वादविवादबाट जोगिने प्रयत्न गर्नुहोला ।

### कर्कट

रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । परिस्थितिसँग सम्झौता गर्नुपरे पनि प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । बल तथा बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । नयाँ योजना शुभारम्भ गर्ने समय छ । फजुल खर्च भने बढ्न सक्छ ।

### सिंह

समयतालिका नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा व्यर्थैमा दुख पाइनेछ । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ । अध्ययनमा कमजोरी अनुभूति हुनेछ भने अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । परिस्थितिवश आँटेको काम रोकिन सक्छ । नयाँ काम प्रारम्भ गर्न समय प्रतीक्षा गर्नुहोला ।

### कन्या

समयमा आलस्य गर्दा दुःख पाइनेछ । बेसुरमा बोल्ने बानीले काम बिग्रने अवस्था आउन सक्छ । साझेदारीमा समस्या आउनुका साथै पहिलेको सम्झौता भंग हुने देखिन्छ । अरूको फाइदाका लागि उपयोग भइएला । पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ । अरूको सुझावमा भर नपर्नुहोला । प्रक्रिया नमिल्नाले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ ।

### तुला

नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ । उद्योग र व्यापारमा फाइदा हुनेछ । तर अवसरका लागि जोखिमपूर्ण काममा जुट्नुपर्ने परिस्थिति आउन सक्छ । शक्तिशाली व्यक्तिहरूसँग प्रतिस्पर्धामा उत्रनुपर्ला । तापनि मेहनतले अवसर दिलाउनेछ । कर्मको उचित प्रतिफल पाइने हुँदा राम्रै धन आर्जन हुनेछ । अग्रजहरूको मार्गदर्शन लाभदायक रहनेछ ।

### बृश्चिक

आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । स्थायी सम्पत्तिमा विवाद आउन सक्छ । मेहनत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ । ईर्ष्या गर्नेहरूले पनि सताउनेछन् । पहिलेकै काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ । अध्ययनमा समय दिन नसकिएला ।

### धनु

आफन्तको साथले उत्साह जगाउनेछ । इच्छाशक्ति बढ्नेछ भने रचनात्मक कार्य शुभारम्भ हुनेछ । समय फुर्सदिलो रहनेछ । स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । परिवारजनसँग आत्मीयता बढ्नेछ । परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिनेछ । प्रतिष्ठा, मान-सम्मान पाइनेछ । साथ दिनेहरू बढ्नेछन् । प्रेम र मित्रताको बन्धन कसिनेछ ।

### मकर

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला । समय दिन नसक्दा काम बिग्रन सक्छ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । शुभचिन्तकहरू समेत टाढा हुनेछन् । धेरै लगानीपछि कममात्र फाइदा हुनेछ ।

### कुम्भ

मेहनत गर्दा नयाँ काम फेला पर्नेछ। कृषि, पशुपालनमा आदिमा फाइदा हुने समय छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ । चल(अचल धनको उपयोगबाट फाइदा उठाउन सकिनेछ ।

### मीन

प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । तर पहिलेका कमजोरी बाहिर आउनाले काममा समस्या पर्न सक्छ । तापनि विभिन्न अवसरले पछ्याउनेछन्, गोपनीयतामा ध्यान पुर्‍याउनुहोला । मिहिनेत गर्दा भविष्यका लागि जग बसाउने मौका छ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । नोकरी तथा व्यवसायमा सामान्य फाइदा हुनेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Misanthrope = मानव जातिलाई घृणा गर्ने Everyone considers him to be a misanthrope (सबैले उसलाई मानिसलाई घृणा गर्ने व्यक्तिको रुपमा चिन्छन्)

Nuptial = वैवाहिक People still like to have nuptial ceremony in a traditional way (अझै पनि मानिस वैवाहिक समारोह परम्परागत ढाँचामै गर्न रुचाउँछन्)

Ovoid = अण्डाको जस्तो He has got a ovoid shape head (उसको टाउको अण्डाकार छ)

Phlegmatic = सजिलै विचलित वा नर्भस नहुने । शान्त Especially nurses are phlegmatic in their dealing (नर्सहरूको सजिलै विचलित हुने स्वभाव हुँदैन)

Querulous = असन्तोषी She is by nature querulous (तिनी स्वभावैले असन्तोषी छिन्)

Reprobate = अनैतिक । सिद्धान्तहीन No one had believed that persons like Madhav could be a reprobate in course of time (समयको दौरानमा माधव जस्ता व्यक्ति पनि अनैतिक र सिद्धान्तहीन होलान् भनेर कसैले सोचेको थिएन)

Secrete = पैदा गर्नु । निकाल्नु । उत्पादन गर्नु The kidneys secrete urine (मृगौलाले पिसाव उत्पादन गर्दछ )

Tyro = सिकारु Despite his being tyro, he produced the best result (शिकारु नै भए पनि उसले ज्यादै राम्रो नतिजा प्राप्त गर्‍यो)

Uproarious = उत्तेजक । हल्लापूर्ण The comedy presented by him is more uproarious than sataric (उसले प्रस्तुत गर्ने हास्य ब्यंग्यात्मक भन्दा पनि हल्लापूर्ण हुन्छ)

Vixen = रिसाह आइमाइ He annoyes if someone calls her mother a vixen (कसैले उसको आमालाई रिसाहा आइमाइ भन्यो भने ऊ रिसाउँछ)

## Run बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Run somebody down = कुल्चेर मार्नु The uncontrolled vehicle ran down a padestrian अनियन्त्रित गाडीले पैदलयात्रीलाई कुल्चेर मार्‍यो ।

Run something down = घटाउनु The company is running down its sales force त्यो कम्पनीले आफ्नो बिक्री क्षमता घटाइरहेको छ ।

Run something down = अनादर गर्नु He runs down always his wife's cooking ऊ आफ्नी श्रीमतीको खाना पकाउने तरिकाको अनादर गर्छ ।

Run somebody in = पक्रनु He was run in for drunk रक्सीले मातेको कारण ऊ पक्रिन पुग्यो ।

Run in something = मा बानी पर्नु Don't drive your new car too fast until you have run in it नयाँ कारमा बानी नबसुञ्जेल तीव्र गतिमा नहाँक ।

Run into somebody = कसैलाई अकस्मात भेट्नु I ran into my old school friend after 30 years मैले ३० वर्षपछि मेरो स्कुल बेलाको पुरानो साथीलाई अकस्मात भेटेँ ।

Run into something = केही वस्तु फेला पर्नु We ran into a thick fog before entering into the city सहर प्रवेश गर्नुअघि हामी बाक्लो कुहिरोको फेला पर्‍यौं ।

Run into something = केहीमा जोतिनु The bus was out of control and ran into a shop बस नियन्त्रणभन्दा बाहिर भएकोले पसलमा गएर जोतियो ।

Run something off = बन्द गर्नु Run the water off after having a bath नुहाइसकेपछि पानी बन्द गर ।

Run off = सुरु हुनु The 200 meter race will run off tomorrow sharp at 9 दुई सय मिटरको दौड भोलि ९ बजे सुरु हुन्छ ।

### सुडोकु-अंक १९१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ८ | | | | | | | १ |
| ६ | | ४ | ८ | | | | | |
| | | ३ | | | | ५ | | २ |
| | ४ | | | ५ | | | | |
| | | | २ | | ८ | | | |
| | | | | ९ | | | ७ | |
| २ | | ५ | | | | ४ | | |
| | | | | | ३ | ८ | | ६ |
| १ | | | | | | | २ | ७ |

### अंक १९० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ५ | ३ | ६ | २ | ८ | ४ | १ | ९ |
| २ | ४ | ८ | ७ | ९ | १ | ५ | ६ | ३ |
| १ | ६ | ९ | ३ | ४ | ५ | ७ | २ | ८ |
| ३ | १ | ५ | ९ | ७ | ४ | ६ | ८ | २ |
| ६ | २ | ४ | ५ | ८ | ३ | ९ | ७ | १ |
| ८ | ९ | ७ | २ | १ | ६ | ३ | ४ | ५ |
| ९ | ८ | ६ | १ | ५ | ७ | २ | ३ | ४ |
| ४ | ३ | २ | ८ | ६ | ९ | १ | ५ | ७ |
| ५ | ७ | १ | ४ | ३ | २ | ८ | ९ | ६ |

# समाचार संक्षेप

## अवैध लागूऔषधसहित पक्राउ

काठमाडौं । काठमाडौं महानगरपालिका १४ कलंकीस्थित राजधानी गेष्ट हाउस एण्ड रेष्टुरेन्टबाट अवैध लागूऔषध चरेश ६ केजी १ सय ५० ग्राम सहित भारत बिहारका ३६ वर्षीय अनवर अली अन्सारीलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले अन्सारी बसेको उक्त गेष्ट हाउसको कोठा नम्बर ११५ मा जाँच गर्ने क्रममा उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

पर्सा, पटेर्वा सुगौली गाउँपालिका(२ बैधनाथपुरस्थित सडकबाट अवैध लागूऔषध गाँजा १ किलो ५ सय ग्राम, चरेश १ किलो र हाल पहिचान हुन नसकेको धुलो १ किलो ५ सय ग्राम सहित सोही गाउँपालिका(४ देउरवाना बस्ने ५० वर्षीय नुर आलम मियाँलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी रंगपुरटाँडीबाट खटिएको प्रहरीले उनलाई साईकलमा दाउरा ल्याउँदै गरेको अवस्थामा जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो । साथै फरार अर्का व्यक्तिको प्रहरीले खोजी गरिरहेको छ ।

बाँके, नेपालगंज उपमहानगरपालिका(१५ जमुनाहबाट अवैध लागूऔषध चरेश १ किलो २ सय ५० ग्राम सहित कालिकोट खाडाचक्र नगरपालिका(३ बस्ने २५ वर्षीया सुबिरा शाहीलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले उनलाई जाँच गर्ने क्रममा उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

## नक्कली लेटरप्याड तथा छापसहित पक्राउ

मध्यपुर ठिमी नगरपालिका ५ राधेराधेबाट विभिन्न कार्यालयको नक्कली लेटरप्याड तथा छाप सहित काठमाडौं बुढानिलकण्ठ नगरपालिका(७ हात्तीगौंडा बस्ने ५० वर्षीय गोपाल बहादुर पुर्कुटीलाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । नेपाल मजदुर किसान पार्टीको नाममा नक्कली लेटरप्याड तथा छाप समेत बनाई चन्दा असुली गरिरहेको भन्ने सूचनाको आधारमा खटिएको प्रहरीले बिभिन्न पार्टी, संस्था र क्लवहरूको रबर स्ट्याम्प ७ थान, लेटरप्याडहरू, नगदी रसिद ११ थान, पेनड्राईभ १ थान र सिमकार्ड ३ थान समेत बरामद गरी उनलाई पक्राउ गरेको हो ।

## एकनाले भरुवा बन्दुकसहित पक्राउ

काठमाडौं । ब्यास नगरपालिका ६ साझाभञ्याङ बस्ने ७० वर्षीय मित्र बहादुर थापालाई एकनाले भरुवा बन्दुक, बारुद करिब ५० ग्राम र ३ वटा केप सहित मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी सिशाघाटबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त हतियार सहित उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

काठमाडौं । १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा दाङ तुलसीपुर नगरपालिका(४ घर भएका चाँगुनारायण नगरपालिका(९ ताथलीस्थित हनुमान ईट्टाभट्टामा काम गर्ने ३० वर्षीय सुरेस बादीलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । बादीले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त जगातीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## भारतीय रुपैयाँसहित पक्राउ

काठमाडौं । मकवानपुर, हेटौडा उपमहानगरपालिका(१५ स्थितबाट श्रोत नखुलेको भारतीय रुपैयाँ ९ लाख ९९ हजार सहित भारत बैरातपुर जिल्ला पैरोसव बस्ने ३१ वर्षीय बिजय चौधरी समेत २ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरीले लमहीबाट वीरगंजतर्फ जाँदै गरेको डब्लुबि २३ ई २३३३ नम्बरको बोलेरो गाडी जाँच गर्ने क्रममा गाडीमा सवार उनीहरुलाई उक्त रुपैयाँ सहित फेला पारी पक्राउ गरेको हो ।

## दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं । भक्तपुर, मध्यपुर थिमी नगरपालिका-३ कैशलटारस्थित सडकमा बा.५८ प १६७७ नम्बरको मोटरसाइकल र प्रदेश नं.३-०२-००९ प ०३५९ नम्बरको स्कुटर एक आपसमा ठक्कर खाई मंगलबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक काभ्रे पनौती नगरपालिका(१२ रोशी बस्ने २२ वर्षीय सरोज श्रेष्ठको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएको उनको नागरिक अस्पताल गट्ठाघरमा उपचारको क्रममा मृत्यु भएको हो । स्कुटर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सर्लाही, कबिलासी नगरपालिका-६ जमुनियास्थित सडकमा बा.४ ख २०८३ नम्बरको टिपरले बीआर ५५ ९२५६ नम्बरको मोटरसाइकललाइ ठक्कर दिँदा मोटरसाइकल चालक कौडेना गाउँपालिका-३ बस्ने २५ वर्षीय जयपाल रामको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको ईन्डो अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## आगलागीबाट विभिन्न धनमाल नष्ट

काठमाडौं । महोत्तरी, जलेश्वर नगरपालिका(७ महादेवपट्टी बस्ने खुर्सेद अंसारीको घर छेउ नजिकै राखेको परालको टालीमा मंगलबार दिउँसो आगलागी भई अंसारीको घरमा समेत आगलागी हुँदा करिब २ लाख २५ हजार रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ ।

झापा, कमल गाउँपालिका(५ बगर टोल बस्ने धन बहादुर बिकको घरमा बिद्युत सर्ट भई मंगलबार साँझ आगलागी हुँदा निज समेत ३ जनाको ३ वटा घर पूर्णरूपमा जलेर करिब ४ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

## ठगी अभियोगमा पक्राउ

काठमाडौं । वैदेशिक रोजगारको सिलसिलामा दुबई पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा काठमाडौं रानीवन बस्ने बाग्लुङ ढोरपाटन नगरपालिका(४ खुङ्गा घर भएका ३८ वर्षीय सुनिल भन्ने शिव कुमार घर्ती मगरलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महनागरपालिका २६ गोगंबुचोकबाट पक्राउ गरेको हो । मगरले दुबईमा वर्किङ भिषामा आकर्षक तलव हुन्छ भनि विभिन्न प्रलोभनमा पारी ९ जना व्यक्तिहरुसँग नगद १० लाख ५३ हजार १ सय रुपैयाँ ठगी गरी सम्पर्क विहीन भएको खुल्न आएको छ ।

## फरार प्रतिवादी पक्राउ

काठमाडौं । कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी धादिङ थाक्रे गाउँपालिका(६ रानीबारी बस्ने ५८ वर्षीय कान्छा थापा भन्ने रण बहादुर थापालाई सोही ठाउँबाट मंगलबार प्रहरीले पक्राउ गरेको छ । अंश सम्बन्धी विवादको कारण थापाले आफ्नै सौतेनी आमा साईली थापालाई २०५८ माघ १४ गते आफ्नै घरभित्र घाँटी थिचेर हत्या गरी घटना पश्चात फरार रहेका थिए ।

## हत्या अभियोगमा पक्राउ

काठमाडौं । भक्तपुर, घरायसी विवादको कारण आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा सूर्यविनायक नगरपालिका-९ नंखेल बस्ने ३३ वर्षीय राजन ब्यान्जुलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । खाना पकाउने बिषयमा विवाद हुँदा राजनले ३२ वर्षीया श्रीमती पबित्रा ब्यान्जुलाई कुटपिट गर्दा उनको मृत्यु भएको खुल्न आएको छ ।

कञ्चनपुर, लाठी प्रहार गरी आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पुनर्वास नगरपालिका(८ क गाउँ बस्ने ६३ वर्षीय सपली बयाडीलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । सपलीले घरायसी बिबादको कारण आइतबार राति लाठीले टाउकोमा प्रहार गर्दा गम्भीर घाइते भएकी उनकी श्रीमती ६० वर्षीया खन्जुरी बयाडीको कोहलपुर मेडिकल कलेजमा उपचार हुन नसकी घर फिर्ता ल्याए पश्चात् सोमबार राति मृत्यु भएको हो ।

# नाकाबन्दीका बाबजुद कोरिया प्रगति पथमा

■ सुधा कार्ले

संयुक्त राष्ट्रसंघ, अमेरिका र यसका पिछलग्गु राष्ट्रहरुले निरन्तर आर्थिक नाकाबन्दी गर्दा समेत प्रजग कोरिया डगमगाउनु त कहाँ हो कहाँ झन् उल्टो एकपछि अर्को गर्दै प्रगतिको बाटोमा अगाडि बढिरहेको प्रतिवेदनहरुले देखाइरहेका छन् । सम्पन्न भएका मेगा प्रोजेक्टहरुमा शहरी विकाश योजना, याङडोक तातोपानी रिसोंट, युगफ्योङ ग्रिन हाउस तथा वन नर्सरी आयोजना, फालयाङ ओराङचोन जलविद्युत योजना रहेका छन् । त्यसैगरी मौसमको प्रतिकूलता बाबजुद कृषि उत्पादनमा भएको उच्च वृद्धि, बोनसान काल्मा कोस्ट रिसोंट, सुनचोन रासायनिक कृषि मल उद्योग, र टानचेन जलविद्युत योजनाहरु निर्माण सम्पन्न हुने अवस्थामा पुगेको जनाइएको छ ।

त्यसैगरी घातु, कोइला खानी र निर्माण सामग्री तथा अन्य हलुंगा वस्तुहरु उत्पादन गर्ने उद्योगहरु आम रुपमा विकास भइरहेको जनाइएको छ । संयुक्त राष्ट्रसंघ तथा अमेरिकाका पिछलग्गु राष्ट्रले आर्थिक नाकाबन्दी गरे तापनि संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्कै स्थायी सदस्य राष्ट्र तथा प्रजग कोरियाको उत्तरी छिमेकी चीनसँगको आर्थिक, ब्यापार तथा सांस्कृतिक सम्बन्ध सौहाद्र र यथावत रहिरहेको कारण पनि आर्थिक नाकाबन्दीले कोरियालाई कुनै असर गरेको छैन वल्की आत्मरक्षाको क्षेत्रमा ठूलो छलाङ मारी अन्तरमहादेशीय क्षेप्यास्त्रको निर्माण र परीक्षण गरिरहेको कारणले गर्दा अमेरिका र यसका पिछलग्गु राष्ट्रहरु झनै त्रसित भइरहेका छन् ।

अमेरिकाले विश्व शान्तिका लागि कोरियासँग वार्ता गर्ने भनी सिंगापुर र हनोइमा दुई चरणको वार्ता सम्पन्न भइसक्दा पनि अमेरिकी हठको कारण वार्ताले सही निकास पाउन नसक्दा अमेरिकी क्रियाकलाप नाटकमा मात्रै सीमित रहेको कोरियाले जनाएको छ । यता नेपालमा शासन गरिरहेको कम्युनिस्ट नामधारी पार्टी भने अमेरिकाको कठपुतली बन्दै अमेरिकी दबाबमा नेपालमा भइरहेको प्रजग कोरियाली लगानी बलजफ्ती नेपालबाट फिर्ता पठाइरहेको छ । नेपालको असंलग्नताको खिल्ली उडाइरहेको परिप्रेक्ष्यमा यो नेपाली कम्युनिस्ट नामधारी सत्तारुढ दल विश्व समाजवादी देशको मञ्च नराम्ररी नांगिन पुगेको छ । हिन्द प्रशान्त क्षेत्रीय रणनीतिमा हस्ताक्षर ठोकी ५६ अरबको एमसीसीको अनुदानमा नेपालको स्वतन्त्र अस्तित्व बिक्री गर्न लागेको लान्छना खेपिरहेको सत्तारुढ दल यदि साँच्चैको कम्युनिस्ट हो भने चीनले जस्तै प्रजग कोरियासँग सौहाद्रपूर्ण सहयोग आदानप्रदानलाई पुनः निरन्तरता दिनुपर्दछ भन्ने पर्यवेक्षकहरुको विश्लेषण रहेको छ । यसै सन्दर्भमा प्रजग कोरियाको सत्तारुढ वर्कर्स पार्टीको सातौं केन्द्रीय कमिटिको पाँचौं प्लेनरी मिटिङ सम्पन्न भई त्यसले निम्नानुसारको प्रेस विज्ञप्ति जारी गरेको छ ।









## Stand-off Between Self-reliance and Sanctions

In the Democratic People's Republic of Korea, the Fifth Plenary Meeting of the Seventh Central Committee of the ruling Workers' Party of Korea was held amid the great interest of the world .

At this meeting, Kim Jong Un, chairman of the WPK, said that the DPRK-US stand-off which has lasted from one century into the next has now boiled down to a clear stand-off between self-reliance and sanctions .

The summit meeting and talks between the DPRK and the US were held on three occasions and June 12 Joint Statement was adopted at the Singapore Summit, aimed at establishing a new relationship between the two countries . However, the present DPRK-US relations are still in deadlock . The US is intensifying comprehensive sanctions and military threat upon its dialogue partner while wasting time away under the signboard of peaceful dialogue and negotiations . The US double-dealing behaviour reveals the true nature of the "peace strategy" of the US style . In a nutshell, the US real intention is to capitalize on the DPRK-US talks, which reflect the aspiration of the DPRK and the world after peace, for achieving its ulterior political and diplomatic purposes for the upcoming presidential election and the stability of state affairs, and completely stifle and crush the country through harsher sanctions .

Under the prevailing situation, Kim Jong Un called the meeting, the main spirit of which is to make a breakthrough head-on in order to defend the sovereignty, right to existence and security of the country and open a pivotal phase . This is why the present DPRK-US relation has turned into a full-scale stand-off between self-reliance and sanctions .

Under the worst-ever sanctions and blockade, the DPRK has accomplished one achievement of self-reliance after another . This fact tells much about the prospect of this acute stand-off .

In the end of last year, the country completed the construction projects of the city of Samjiyon, Yangdok Hot Spring Resort, Jungphyong Vegetable Greenhouse Farm and Tree Nursery and Phalhyang Dam of the Orangchon Power Station . The agricultural sector exceeded the peak-year level even under unfavourable weather conditions . Construction of the Wonsan Kalma coast resort, Sunchon Phosphatic Fertilizer Factory, Tanchon Power Station and other major projects were pushed ahead, and multiple successes were achieved in all the sectors of the national economy, including the metal, coal-mining, building materials and light industries . All these are a deadly blow to the sanctions-almighty theory .

Since the emergence of the word *sanctions* in the present world, no other country has been suffering from and overcoming such stubbornly harsh sanctions and blockade as the DPRK has been . The development course of the DPRK aspiring to building a thriving socialist country proves that the country will never yield to the sanctions, and the more intensified the sanctions are, the firmer its people's spirit of self-reliance and will to build an independent power grow .

Kim Jong Un is making breaches in the chain of sanctions and opening up a pivotal phase of building a powerful state of independence through mass campaigns for increased production and practising economy and by putting the national economy on a Juche-oriented, modern, IT and scientific footing, recycling, and attaching importance to science and technology and talents . His outstanding leadership and the single-hearted unity of the Korean people rallied firmly behind their leader are the source of the strength with which to work miracles in the full-scale stand-off between self-reliance and sanctions .

At the plenary meeting, Kim Jong Un said that the Korean people learned how to live on their own, deal with enemies and difficulties and defend their dignity and rights in the protracted and harsh environment unprecedented in history, and clarified that it is their firm revolutionary faith that they will defend the dignity of their country and defeat imperialism by achieving prosperity by dint of self-reliance and even by tightening their belts .

Upholding the slogan "Let us break through head-on all the barriers to our advance!" set forth by Kim Jong Un, the Korean people will surely achieve final victory by frustrating the sanctions by the hostile forces on the strength of self-reliance .

## Spokesperson for DPRK Foreign Ministry Issues Statement

A spokesperson for the Ministry of Foreign Affairs of the Democratic People's Republic of Korea made public the following statement on Saturday:

At the end of the UN Security Council emergency meeting held on last March 5, the UK, France, Germany, Belgium and Estonia announced a so-called "joint statement" denouncing the drill of our army .

As widely known to the world, the UK, France and Germany have followed in the footsteps of the U .S . to take the lead in denouncing us since May 2019, while repeating an absurd argument of "condemnation" and "violation of resolutions" of the UN whenever we conducted military drills .

The routine drills of our army are just the same as those conducted by any country of the world . However, only our military drills are becoming the subject of weird countries to be denounced every time . In the end, it is nothing more than a logic that we should give up our right to self-defence .


The UK, France and Germany are taking issue with our military acts in each and every case, only because they cannot speak it out .

If even a routine drill of multiple launch rocket system artillerymen should be a target of condemnation and alleged "violation of resolutions", then with what do we hold in check the military forces of the U .S . and south Korea in front of us and how do we defend our state .

They should put forth an argument to be understood by everyone and convinced especially by us to demand observance . If they blindly call our self-defence acts into question as now, it is, in the long run, tantamount to asking us to abandon the defence of our own state .

The illogical thinking and sophism of these countries are just gradually bearing a close resemblance to the U .S . which is hostile to us .

The reckless behavior of these countries instigated by the U .S . will become a fuse that will trigger our yet another momentous reaction .



## Option of the DPRK

At the end of December last year the entire world paid close attention to the Fifth Plenary Meeting of the Seventh Central Committee of the Workers' Party of Korea held in Pyongyang .

In spite of the sincere efforts for peace made by the Democratic People's Republic of Korea, the extreme sanctions on the part of the hostile forces continued and got even worse . What on earth is the DPRK's option going to be?

At that time in the DPRK the slogan "Let Us Smash Straight through All the Barriers on the Way of Our Advance!" rang out . This was the expression of the will of the DPRK that it would not sell its dignity, which it has so far defended as valuable as its own life, in hope for brilliant transformation and with any expectation of the US lift of sanctions, that the "theory of all-mighty sanctions" cuts no ice with it, and that it will never derail from the road of building a powerful socialist country .

The firm determination of the DPRK is a frontal blow against the "theory of all-mighty sanctions" of the hostile forces .

The international community was once again surprised at their recognition of the reality of the DPRK .

The DPRK is determined to build an independent power overcoming all the obstacles by dint of self-reliance in the face of the severest difficulties in which daily survival alone is an achievement .

Frontal attack of the DPRK for a breakthrough is a wise option based on a scientific analysis of its reality and the current situation .

In retrospect, the DPRK had set the time limit to the end of last year and waited with patience for the US to take a fair and constructive stand on the basis of the spirit of the Singapore DPRK-US Joint Declaration .

However, the true intention of the US did not change; it attempted to seek its own political and diplomatic interests while wasting time under the signboard of dialogue and negotiations and at the same time keep sanctions upon the latter so as to weaken it .

On the other hand, it openly revealed its provocative political, military and economic manoeuvres to completely strangle and stifle the DPRK . The deadlocked DPRK-US relations led to the conclusion that if there were not the nuclear issue the US, out of deep-seated prejudice against the DPRK, would find fault with it under other issue to stifle it without fail .

If the DPRK did not put spur to the struggle for bolstering the power for self-development while waiting for the lift of sanctions, the hostile forces' offensive to check its advance would get fiercer . The more the DPRK bolsters its own strength and creates valuable wealth by dint of the spirit of self-reliance and self-sufficiency, the deeper the hostile forces will be driven into agony and the earlier the day of the victory of socialism will come . That is why the DPRK opted for a frontal attack for a breakthrough to neutralize the sanctions and pressure of the hostile forces and open up an avenue for building a powerful socialist country .

The DPRK is taking the road of further strengthening its self-defensive military power in the face of the aggravating military threat by the hostile forces .

In the past two years alone, for confidence building with the US the DPRK took crucial measures first to stop nuclear test and ICBM test fire and shut down the nuclear testing ground . But the US, far from responding to the DPRK with appropriate measures, conducted tens of big and small joint military drills, which its president personally promised to stop, and threatened the latter militarily by shipping latest war equipment into south Korea . The US also adopted more than ten independent sanctions measures, only to show before the world that its ambition to stifle the DPRK remained unchanged .

Under such circumstances, the DPRK had found no grounds to be unilaterally bound by the commitment with no other party to honour .

This situation has thrown wet blanket on the DPRK's efforts for reduction and non-proliferation of nuclear weapons across the world .

The DPRK felt more keenly that the road of defending itself by bolstering up its strength sufficiently enough to keep the hostile forces at bay so that they would not dare threaten its sovereignty and security was the only one it should follow without suspension and hesitation .

It is the DPRK's steady goal in defence upbuilding to possess a matchless military capability no one dares to challenge and steadily bolster it, and it is its core idea and firm will in defence upbuilding to make no forces dare use its armed force against it .

Consolidation of the military capability for self-defence will serve as the surest guarantee for the frontal attack for a breakthrough .

A new strategic weapon which the DPRK declared to show in the near future will clearly indicate to the international community where the truth of defending independence and peace resides .

The frontal attack by the DPRK is never a temporary measure against a crisis .

Under the circumstances warning a protracted confrontation with the US the DPRK made it a fait accompli that it has to live under the sanctions by the hostile forces in the future, too, and adopted scientific policies for overcoming all difficulties on the strength of self-reliance by strengthening the internal power in all aspects .

It is the invariable faith of the DPRK to defend its dignity and defeat the imperialists by overcoming all the difficulties and achieving prosperity without fail by its own efforts .

## वैदेशिक...

त्यहाँ नेपालीहरु भन्ने कुरा दिनानु दिन बिभिन्न मिडियाका माध्यमबाट प्रस्टै देख्न र सुन्न सक्छौ ।

परिवारबाट एउटा सदस्य छुट्नुको पीडा, समुदायले एउटा सदस्य गुमाउँदाको पिडा र र राष्ट्रले यसरी सक्षम र दक्ष हजारौं नागरिक गुमाउँदाको घाटाको परिणाम विकराल छ । पक्कै पनि परिवारभित्र लालनपालन, माया, ममता, शिक्षादिक्षा पाएको एउटा व्यक्ति देशै छोडेर अरुको देशमा छुट्टै समाजमा, छुट्टै संस्कृति, छुट्टै भाषा, छुट्टै वातावरणमा र अलग खानपान, अलग रीतिरिवाजमा समायोजन हुनु र विदेशको अण्डर र अर्डरमा काम गर्नु कसरी सहज होला त ?

पक्कै पनि सहज छैन । अनेक आरोहअवरोह बाधा अड्चन भोग्दै जसरी तसरी भए पनि काम गर्नैपर्छ । पैसा कमाउनैपर्छ हैन भने ऊ लाखौं लगानी गरेर, ऋण गरेर गएको हुन्छ । उसले जसरी तसरी त्यो चुक्ता गर्नैपर्दछ । जे गरेर भए पनि जसो गरेर भए पनि दिन रात नसुती १८-२० घण्टा काम गरेर भए पनि ऊमाथिको ऋणको भार उसले घटाउनै पर्दछ । त्यसैले ऊ जस्तोसुकै काम गर्न बाध्य हुन्छ । कामको बोज एकातिर छँदैछ अर्कोतिर परिवारबाट छुट्टिएर बस्नुको पिडाले गर्दा ऊ बिक्षिप्त हुन्छ आँतिन्छ । ऊ आफ्नो परिवार धेरै टाढा भएकोले पीडा सेयर गर्न चाहेर पनि सक्दैन कतिपय मान्छेहरु डिप्रेसनको सिकार भएर आत्महत्या गर्दछन् र रातो बाकसमा स्वदेश फिर्ता हुँदा परिवारले भोग्ने पिडा कस्तो हुन्छ, हामी अनुमान गर्न सक्छौं र कतिपय त्यस्तो कामको चापलाई धान्न नसकी स्वदेश फिर्ता हुन्छन् । लाखौं लगानी गरेर विदेश गएर बीचमै स्वदेश फर्कंदा उसमा भएको आर्थिक भार अब परिवारमा पर्दछ त्यो अवस्थमा परिवारको के विकल्प हुन सक्छ ?

वैदेशिक रोजगारलाई प्रतिष्ठाको रुपमा हेर्ने हाम्रो समाजले त्यसको सूक्ष्म पक्षको अध्ययन गर्न सकेको छैन । यसलाई उपरी प्रकारले मात्रै हेर्ने गरिन्छ । प्रतेक घरका एक वा सोभन्दा बढी सदस्य विदेश गएका छन् । हुनेखाने र पढेलेखेका युरोप, अमेरिका लगायत विकसित मुलुकमा गएका छन् जो गएपछि पुनः स्वदेश फर्किने सम्भावना कम रहन्छ भने हुँदाखाने गरिब तथा अशिक्षित खाडी मुलुकमा गएका छन् जहाँ उनीहरुको चरम श्रम शोषण र यातना हुने गरेको छ । कम पारिश्रमिक, बढी घण्टा काममा खटिँदा र समयमा पारिश्रमिक नपाउँदाको पिडा भोगिरहेका छन् । बल्लतल्ल आफूलाई जीवन मरणको दोसाँधमा राखेर केही रकम कमाएर स्वदेश फर्किंदा जवानी र बल उतै सकिएको हुन्छ भने उसलाई कमाएको सम्पत्तिले भविष्यको संरक्षण गर्दैन । उसलाई नेपाल फर्किएर फेरि जिउनलाई संघर्ष गर्नुपर्दछ । न त उसले आफ्नो जीवनको अमूल्य समय परिवारसँग बिताउन पायो न त उसले कमाएको सम्पत्तिले अबका दिनहरु सुरक्षित गऱ्यो । यसकारण आम नेपालीको जीवन कष्टकर रहन गएको छ ।

कसरी दुई छाक टार्ने ? कसरी परिवार पाल्ने भन्ने कुरामै हाम्रो जीवन अड्किएको छ । कसरी भविष्यलाई सुरक्षित गर्ने ? एउटा घर बनाउनु, छोराछोरी पाल्नु, पढाउनु र दुई छाक टार्नमै हाम्रो जीवन बितेको हुन्छ भने जीवनका अन्य पाटाहरु शिक्षा, ज्ञान, मनोरञ्जन, सुखसुविधा आदि त परको कुरा भए । यसरी नेपालीले आफ्नो जीवन संघर्षमय र दुःखकष्टपूर्ण तरिकाले बिताउँछ । विश्व जगत र मानव जगतका अन्य पक्षलाई बुझ्न र जान्न समय नै हुँदैन । यसको जिम्मा चाहिँ सरासर राज्यलाई जान्छ । जुन देश सम्पन्न छ, त्यो देशका जनतालाई भविष्यको लागि जगेर्ना गरेर वर्तमानलाई कष्टकर बनाउनु पर्दैन किनकि उनीहरुलाई सरकारले नै वर्तमानमा रोजगारदेखि लिएर भबिष्यको जिम्मा लिएको हुन्छ ।

वैदेशिक रोजगारले समाजमा एउटा पाटोलाई मात्र प्रभावित गरेको छैन । यसले तत्कालिन र दिर्घकालिन रुपमा धेरै पाटाहरुलाई असर गरेको छ । समाजमा सांस्कृतिक बिचलन, पारिवारिक बिखन्डन, पाश्चात्य संस्कृतिको हाबीलगायत विविध तरिकाले नेपाल र नेपालीको सहअस्तित्वमाथि गम्भीर संकट निम्त्याएको छ । प्रत्येक देशको, समाजको आआफ्नै पहिचान हुन्छ, धर्म हुन्छ, संस्कृति हुन्छ, संस्कार हुन्छ जसका कारण विश्वजगतमा अस्तित्व कायम रहन्छ । तर अहिले वैदेशिक रोजगारले यी सबै चिजमाथि आक्रमण गरिरहेको छ । पारिवारिक बिखन्डन ल्याएको छ । बिकराल अवस्थाले समाज ग्रसित छ । बर्षौंदेखि छुट्टिएर बसेका श्रीमान श्रीमतीमा वैदेशिक रोजगार अभिसाप बनेको छ । टाढै बसेर पनि सम्बन्धलाई मजबुत बनाउन चाहनेहरु पनि विविध कारणले चुकेका छन ।

प्रकृतिले दिएको यौन चाहनालाई धान्न नसकी परपुरुषगमन र परस्त्रीगमन बढेको छ जसले गर्दा आफ्नो जीवनसाथीसँग पुनर्मिलन हुन नपाउँदै वैवाहिक सम्बन्ध टुङ्गिएको छ । अर्को कारण विदेशमा कमाएको सम्पत्तिको हिनामिना गरी दुरुपयोग गरेको अवस्थामा सम्पत्तिको लागि झगडा र अन्तत सम्बन्ध टुट्ने गरेको छ । झन् वैदेशिक रोजगारमा महिलाहरु जाँदाको दोहोरो पिडा कहालीलाग्दो हुन्छ । एकातिर उसलाई हाम्रो समाजले हेर्ने दृष्टिकोण र अर्कातिर खाडी मुलुकमा घरेलु कामदारका रुपमा काम गर्ने महिलाहरुले भोग्ने हिंसा, यी दोहोरो चपेटाभित्र महिलाहरु जीवन व्यतित गर्न बाध्य छन् । वैदेशिक रोजगारमा रहँदा एउटी महिलाले जस्तोसुकै संघर्ष गरेकी हुन्छे परिवारका खातिर । जीवनका महत्वपूर्ण अंगहरु जस्तै परिवार, प्राण प्रिय पति र मुटुका टुक्रा जस्तै दुधे बालकलाई छोडेर सुनौलो भविष्यको आशामा विदेशिन बाध्य छन् धेरै नेपाली महिलाहरु । अन्त्यमा तिनै पृथ्वीजस्ती महिलाको चरित्रमाथि शंका गरी घरको न घाटको बनाउने यही समाज हो । तसर्थ समाजले महिलाहरुलाई हेर्ने पुरुषवादी चिन्तनको परिपाटीलाई अन्त्य गर्नु आवश्यक छ । बल्लतल्ल वैदेशिक रोजगारबाट घर फकंदा परिवार हुँदैन, सम्पत्ति हुँदैन, आफ्नो यौवन र बल हुँदैन अनि बाँकी जीवन कसरी बित्छ ? सजिलै अनुमान लगाउन सकिन्छ । तसर्थ वैदेशिक रोजगारले समस्याको समाधान गरेको छैन । आम रुपमा यसले समस्यालाई झन् बिकराल बनाएको छ । बालबच्चा अभिभावकबिना हुर्किन बाध्य छन् । ममतालाई पैसासँग साँट्न बाध्य छन् । तिनै बालबच्चा तथा परिवारको सुनौलो भविष्यका लागि अथाह चाहनाहरु कुल्चिएर विदेशमा श्रम बेच्न बाध्य नेपाली दिदी बहिनीहरु तथा दाजुभाइहको भविष्यको साँच्चै सुरक्षित छ त ?

आफ्नै देशमा कुल्ली गरेर बिहान बेलुका परिवारसँग मिठो मसिनो खाने आफ्नै परिवारमा रमाउन सक्ने वातावरण बनाउने कसले हो ? व्यक्ति सबल हुन चाहन्छ, सक्षम र आत्मनिर्भर हुन चाहन्छ जसका कारण ऊ अनेक उपायको खोजीमा भौंतारिदै विदेशसम्म पुग्दछ । प्रत्येक नागरिकलाई एकत्रित गरी सुव्यवस्थित र सुसंस्कृत बनाउने जिम्मा राज्यकै हो । अभिभावक बिनाको सन्तान टहुरो बन्छ र असल नेताबिनाको नागरिक पनि टुहुरो नै हुन्छ । हामी सक्षम र सबल अभिभावक चाहन्छौं जसले हामीलाई आफ्नै घरभित्र, परिवारभित्र रमाउने वातावरण बनाओस । जतिसुकै सुसम्पन्न र सुविधाजनक देशमा गए पनि आफ्नै देशको आफ्नै माटोको मायाले छटपटाइरहेका छन् लाखौं युवा शक्तिहरु । विदेशमा जो आफ्नै पसिनालाई माटोमा मुछेर आफ्नै देशको स्वाधिनतामा रमाउन चाहन्छन् । यस्ता उर्बर जनशक्तिलाई राज्यले उचित व्यवस्थापन गर्न सकेन भने देश अबको एक सय वर्ष पछि धकलिने छ । देशलाई कायापलट बनाउँछु भन्नेहरु शासन सत्ता र पहुँचमा पुगेपछि अल्मलिने परिपाटीको अन्त्य नभएसम्म विकसित नेपालको परिकल्पना गर्न सकिँदैन । भ्रष्टाचारी, घुसखोरी, माफिया, दलाल, नातावाद, कृपावाद, दलीय दम्भ र राजनीतिक प्रतिशोधजस्ता कुराहरुले राज्यका महत्वपूर्ण अंगहरु व्यवस्थापिका, न्यायपालिका, कार्यपालिकाभित्र व्यापक विकृति ल्याएको छ जसका कारण लाखौं युवाहरु आफू बच्न र परिवार बचाउन विदेशिनु नियति बनेको छ ।

नेपालीहरु विदेश जानका लागि प्रतिस्पर्धा गरिरहेका छन् । आफ्नै देशमा दलालमार्फत ठगिने धन्दा फस्टाइरहेको छ । राज्यले दिने उचित जनचेतना र ठिक वैदेशिक नीति नभएको कारण वैदेशिक रोजगारको क्रममा मानव तस्करको चंगुलमा दिनानुदिन नेपालहरु फसिरहेका छन् । मानव तस्कर, बेचबिखन र ओसारपसारको अखडा वृद्धि भइरहेको छ जसका कारण ठगिने पीडित नेपालीहरु स्वदेशमै र विदेशमा कष्टप्रद जीवन बितिरहेका छन् । च्याउजस्तै उम्रिरहेका म्यानपावरहरुले खुलेआम नेपालीलाई फसाइरहेका छन् । राज्यले अप्रत्यक्ष रुपमा दलालहरुलाई नागरिक सुम्पिएका छन् । विदेशमा दलालहरुमार्फत ट्रफिकिङ गरेर गएका नेपालीको अवस्था झन् भयावह छ । अवैधानिक तरिकाले विदेश जाने र त्यहाँ फस्ने नेपालीहरुको स्थिति हेर्दा कहालीलाग्दो छ । यसै कुरालाई मध्यनजर गरेर सरकारले वैदेशिक रोजगारको नीतिलाई प्रभावकारी र बलियो बनाउनु जरुरी छ । सवल, सक्षम आर्थिक स्थिति भएको देशले आफ्नो नागरिकलाई वैदेशिक रोजगारमा पठाउँदैन । जनताप्रतिको उत्तरदायित्व र देशप्रतिको जिम्मा लिने भनेको मूलतः शासन सत्ताको बागडोर समाल्नेहरुले नै हो । नयाँ खोज आविष्कार उद्योगमा यान्त्रिकीकरणका कारण विकसित देशले अर्थ व्यवस्थालाई दिनानुदिन बढाउँदै लगेको स्थितिमा हाम्रोजस्तो गरिब राष्ट्रलाई उपयोग गरिरहेको छ । राष्ट्र-राष्ट्रबिचको प्रतिस्पर्धा हुनुपर्दछ । विचारको प्रतिस्पर्धा हुनुपर्दछ । विधि प्रविधि र विकासमा प्रतिस्पर्धा हुनुपर्दछ । सस्तो वैदेशिक श्रम शक्तिलाई उपयोग गर्न सक्ने हैसियतसहितको दृष्टिकोण लिएर अगाडि बढ्नुपर्दछ ।

आज विश्व एउटै भूगोल भइरहेको अवस्थामा वैदेशिक आवागमन र चलखेललाई सुव्यवस्थित गर्नु आवश्यक छ । यदि युवाहरुलाई वैदेशिक रोजगारमा पठाउनैपर्दछ भने अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को नियम अन्तर्गत रहेर र बढीभन्दा बढी सीप सिकाएर, श्रम स्वीकृति लिएर, तालिम दिएर, प्रशिक्षित गराएर र जीटुजी प्रणालीबाट व्यवस्थित रुपमा वैदेशिक रोजगारमा जाने हो भने विदेशमा नेपालीले दुःखकष्ट र शोषण भोग्नु पर्दैन । अहिले सयभन्दा बढी देशहरुमा चालिस लाखभन्दा बढी नेपालीहरु वैदेशिक रोजगारका निम्ति गएका छन् । तसर्थ नेपालले वैदेशिक नीति, परराष्ट्र नीति र प्रतिरक्षा नीतिलाई प्रभावकारी, स्पष्ट र बलियो बनाउन जरुरी छ । नेपाली श्रम शक्तिलाई अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी बनाउन सक्यो भने मात्र वैदेशिक रोगजारमा सरकारले सार्थकता र युवाले सुखको अनुभूति गर्न सक्नेछन् ।

## राखेप...

दिए पनि अखिल नेपाल फुटबल संघ (एन्फा) ले चलिरहेको लिग स्थगित नगर्ने दाबी गरेको छ। सदस्य सचिव सिलवाले लिग स्थगित नगरे कारबाही गर्ने चेतावनीसमेत दिएका छन्। नेपाल सरकार र राखेपको आग्रहमा अन्य खेल गतिविधिहरू स्थगित गरिए पनि बी डिभिजनका विषयमा भने अझै अन्योलता कायमै छ।

नेपालकै ठूलो फ्रेन्चाइज लिगको रुपमा रहेको इभ्रेष्ट प्रिमियर लिग टी-ट्वान्टी क्रिकेट स्थागित भयो भने लामो समय मोफसल फुटबल प्रतियोगिताको इतिहास बोकेको तिलोत्मा गोल्डकप पनि स्थगित हुन पुग्यो । शनिबार पोखरामा आहा रारा गोल्डकप सम्पन्न भएपछि नेपालमा जारी एकमात्र प्रतियोगिता 'बी' डिभिजन लिग हो । एन्फाले एक-दुई सातामा सकिने मोफसलका गोल्डकपलाई स्थगित गर्न निर्देशन दिँदा महिनौं चल्ने 'बी' डिभिजन लिगलाई भने निरन्तरता दिएको हो ।

## कहाँ छ...

निर्णय नमान्ने समेत सरकारले पहिल्यै बताइसकेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले विदेशी सेना फिर्ता लैजान खुला आग्रह पनि नगरेका होइनन्। तर भारतले कालापानी छोड्ने त परैको कुरा त्यस क्षेत्रमा अझ सैन्य शक्ति थप गरेको छ। भारतले भनेको छ- 'कालापानी क्षेत्र भारतको मानचित्र हो, सार्वभौम क्षेत्र हो ।' उसले सीमाको विषयमा कुनै विवाद नभएको समेत भन्दै आएको छ । 'हाम्रो नक्साले ठीकसँग भारतको भूभागलाई समेटेको छ, यसले नेपाललाई कुनै असर गर्दैन' भारतीय पक्षको भनाइ छ। भारतले सीमा नक्सामा कुनै परिवर्तन हेरफेर नहुने भनिसकेको छ।

संसदभित्रको राज्यको निर्देशक सिद्धान्त नीति र दायित्व कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिले अतिक्रमित भूमि तत्काल खाली गराउन सरकारलाई निर्देशन दियो। भारतबाट अतिक्रमित भूमि खाली गरी तत्काल नेपालको नयाँ राजनीतिक नक्सा जारी गरेर शैक्षिक संस्थालगायत सम्पूर्ण क्षेत्रमा उपभोग गराउन समितिले गरेको निर्देशन समेत सरकारले अहिलेसम्म सुनेको छैन। अतिक्रमणमा परेका क्षेत्रमा १२ महिना बस्न मिल्ने चौकी स्थापना गरी नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई तैनाथ गर्न समितिले दिएको निर्देशन पनि सरकारले कार्यान्वयन गरेको छैन।

सीमा विवादको विषयमा विरोध भइरहेका बेला सर्वोच्च अदालतमा परेको एक रिटमा न्यायिक हरिप्रसाद फुयालको एकल इजलासले सरकारको नाममा ६ बुँदे निर्देशात्मक आदेश जारी गर्दै भारतले हालै नेपालको दार्चुलास्थित कालीनदीको लिम्पियाधुरा समेत समेटेर जारी गरेको नक्सा बदर गरी नयाँ नक्सासहितको संविधान संशोधन हुनुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गरायो।

सर्वोच्चले आदेश दिएको चौथो बुँदामा नेपालको संविधान धारा ४ (२) (क) अन्तर्गत संविधान जारी हुँदा बखतको नेपालको क्षेत्रफल खुल्ने कुनै तथ्यांक वा दस्तावेज भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय वा नापी विभाग वा नेपाल सरकारअन्तर्गत कुनै निकायमा भए त्यसको प्रतिलिपि नापी विभागको लिखित जवाफको अनुसूचीमा पेस गर्न भन्यो । सर्वोच्चले सन् १८१६ को सुगौली सन्धिको अनुसूची सहितको प्रतिलिपि फिर्ता लैजान पाउने गरी पेस गर्न भने पनि सरकारले सो सन्धिको सक्कली प्रतिलिपि अझै फेला पार्न सकेको छैन । सन् १८६० मा तत्कालीन ब्रिटिस सरकारसँग भएको सीमा सन्धि र भारतीय पक्षले नेपालका लागि निर्माण गरिदिएको नेपालको पहिलो नक्सा पेस गर्न पनि सर्वोच्चले भनेको छ। सर्वोच्चले सुगौली सन्धिको असली प्रतिलिपि मागपछि बल्ल सरकार त्यसको खोजीमा लागेको छ।

ज्ब जब सीमा विवादको विषय उठ्छ, सुगौली सन्धिताकाको नक्सा खोजी हुन थाल्छ। संसदीय समितिहरुमा मन्त्रीहरुले सुगौली सन्धिअनुसार कालापानी, लिपुलेक, नेपालकै हो भने पनि त्यो सन्धि कहाँ छ भन्नेबारे केही बोल्न सक्दैनन्। संसदीय समितिले सुगौली सन्धिको नक्सा लामो समयदेखि खोजी गरिरहेको छ। सन् १८१६ को मात्रै होइन सन् १९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धिसमेत समितिले फेला पार्न सकेको छैन । प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले नेपालका मुख्य पुस्ताकालय एवं मन्त्रालयहरुसँग सोधखोज गर्दा पनि पाएन । समितिले सुरुवातदेखि विभिन्न कालखण्डको भौगोलिक सिमानाको नक्साको अभिलेख, नेपाल राज्य वा नेपाल सरकार पक्ष भई अन्य मुलुक वा अन्तर्राष्ट्रिय संस्थासँग दुई पक्षीय वा बहुपक्षीय सन्धि, महासन्धि, सम्झौता, सम्मेलन आदिको अभिलेखा खोजी गरिरहेको छ।

समिति सदस्यहरु सुगौली सन्धि खोज्नकै लागि त्रिभुवन विश्वविद्यालय, सर्वोच्च अदालत, केसर पुस्तकालय, सामाजिक विज्ञान संघीय संसदका पुस्तकालय पुगेका थिए। विभिन्न मन्त्रालयसँग पनि समितिले यसबारे सोधखोज गरेको थियो। समितिले पुराना सन्धि सम्झौता मात्रै होइन, ग्रेटर नेपालको सक्कल प्रति पनि पाउन सकेको छैन। ऐतिहासिक दस्तावेजहरुको खानी भनिएको राष्ट्रिय अभिलेखालयमा पनि समितिले सुगौली सन्धि, सन् १९५० को सन्धिको ओरिजिनल कपी, फेला पार्न सकेन। कहीँ कतै दस्तावेजहरु भेट्टाउन नसकेपछि समितिको बैठकले निष्कर्ष निकालेको थियो । राष्ट्रिय महतवका दस्तावेजहरुलाई कहाँ कसरी राख्ने भन्ने बारेमा सरकार गम्भीर छैन।

राष्ट्रिय अभिलेखालय ऐनले २५ वर्ष वा सोभन्दा पुराना कागजपत्रहरु सबै कार्यालयले राष्ट्रिय अभिलेखालयमा पुऱ्याउनुपर्ने बताएको छ। राष्ट्रिय अभिलेखालय ऐनको दफा ६ मा यो व्यवस्था गरिएको छ। कानुनअनुसार हस्तलिखित ग्रन्थ, किताब, प्रतिवेदन, आर्थिक विवरण, सन्धि सम्झौत, पत्रपत्रिका, चिठीपत्र, लिखत, चित्र, तस्बिर, नक्सा, योजना, चार्ट, फाइल, मिसिल, रजिस्टार वा कुनै प्रकाशन राष्ट्रिय अभिलेखालयमा पुऱ्याउनुपर्ने हुन्छ। त्यस्तै फिल्म, माइक्रोफिल्म, टेप, चलचित्र, कम्प्युटर, डिस्क, कम्प्युटर क्यासेट पनि अभिलेखालयमा पुऱ्याउनुपर्छ। २५ वर्ष पुगेपछि सुरक्षित राख्न अभिलेखालयमा राख्नुपर्ने कानुनी प्रावधान हो तर दुई सय वर्ष पुगिसक्दा समेत ग्रेटर नेपाल र सुगौली सन्धिको सक्कल प्रति त्यहाँ पुगेको छैन।

भारतसँगको सीमा विवाद हल गर्ने सबैभन्दा ठूलो अस्त्र सन् १८१६ को सुगौली सन्धि नै हो। तत्कालीन ब्रिटिस भारतसँग सन् १८१६ मा नेपालको पश्चिमी सिमाना कालीनदी कायम भएको थियो। सन् १८५० मा सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा लिपुलेक भन्ज्याङबाट आउने नदीलाई कालीनदी मानी सोही नदीमा सिमाना देखाइएको छ । र साथै सन् १८५६ मा प्रकाशित नक्सामा पनि १८५० को नक्साअनुसार नै सिमाना देखाइएको छ। उक्त दुवै नक्साअनुसार कालापानी क्षेत्र नेपालको भूभागमा पर्छ। पछि सन् १८७५ मा सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा कालीनदी छाडी कालापानीभन्दा तलको पाखा गाउँ खोलाको दक्षिण पट्टिको डाँडो (पानीढलो) लाई सिमाना देखाइएको छ। यस नक्सा अनुसार कालापानी क्षेत्र भारततर्फ पर्न जान्छ। पछि सन् १८७९ मा भारत र चीन सीमा सम्झौता हुँदा पनि सन् १८५० मा सर्भे अफ इन्डियाको नक्सामा देखाएको लिपुलेक भन्ज्याङलाई कालीनदीको उद्गम स्थल मानी इनजक्सन (निषेधाज्ञा) कायम गरिएको छ।

सन् १८५० र १८५६ को सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा कालापानी नेपालको भूभागका रुपमा कायम भएपछि त्यसपछि सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा सिमाना फेर्ने कुनै आधार र औचित्य रहँदैन। अतः कालापानी नेपालको भूभाग भएको हुँदा एवं हालसम्म नापी विभागबाट प्रकाशित सबै नक्सामा लिपुलेक भन्ज्याङबाट आउने कालीनदीलाई सिमाना कायम गरिएको र कालापानी नेपालको भूभागको रुपमा सन् १८७९ देखि भारतले आफूखुसी नक्सा छापेर कालापानीलाई भारतमा पार्न खोजेको छ। जुन षड्यन्त्रपूर्ण र अन्तर्राष्ट्रिय कानुनको बर्खिलाफमा छ। नेपालले ऐतिहासिक प्रमाण, तथ्य र तर्कसहितको व्यवस्थित विवरण तयार गरेर प्रधानमन्त्री तहबाटै गम्भीर रुपमा कूटनीतिक र राजनीतिक प्रक्रियाबाट यो मुद्दा अघि बढाउनुपर्छ । परराष्ट्र सचिवस्तर संयन्त्रले कालापानी र सुस्ता विवाद टुंगिने अवस्था छैन। देशको सीमाको विषय राष्ट्रिय एजेन्डा हो र यसमा राष्ट्रिय सहमति कायम भएको अवस्था छ र देशमा बलशाली कम्युनिस्ट सरकार छ। कम्युनिस्टहरु राष्ट्रवादी हुन्छन् भन्ने आम बुझाइ छ।

## के छ...

भूभागहरु र मेची नदीदेखि पूर्वका नगरकोट सहितका पहाडी क्षेत्रभित्रका सम्पूर्ण भूभाग (यो सम्झौतापत्र सम्पन्न भएको आजका मितिबाट ४० दिनभित्र उपयुक्त सबै भूभागबाट नेपाल सरकारले आफ्ना सैनिक हटाइसक्नुपर्नेछ )

- माथि उल्लेख भएका भूभागहरु कम्पनी सरकारका निमित्त छोडिदिँदा सरकारको भनाइमा कुन कुन भारदारको निम्ति यस्तो बाधा वा असर पर्ने हो । ती तीन भारदारको नाम तथा तिनलाई पर्ने असरको सम्बन्धमा लेखिइआएमा सरकारलाई उपलब्ध गराउन कम्पनी सरकार सहमति व्यक्त गर्छ।
- काली (महाकाली) नदीभन्दा पश्चिमतर्फका सम्पूर्ण भूभागहरुमाथिको आफ्नो दाबीलाई आफ्ना प्रतिनिधिको र आफ्ना सन्तानहरुको तर्फबाट पनि सदाका निम्ति परित्याग गरी ती भूभाग तथा त्यहाँका निवासीहरुसँग पनि कुनै पनि किसिमको सम्बन्ध स्थापित नगर्न नेपाली पक्ष आफ्नो सहमति व्यक्त गर्छ।
- नेपालका राजाले सिक्किम राज्यका राजालाई कहिल्यै पनि दुःख दिने छैनन् र उक्त राज्यमाथि रहेको आफ्नो नियन्त्रणलाई परित्याग गर्नका निम्ति आफ्नो सहमति व्यक्त गर्छन् । नेपाल सरकार एवं सिक्किम सरकार तथा दुवै देशका जनताका बीचमा कुनै विवाद उत्पन्न भएमा त्यस्ता विवादहरुको समाधान कम्पनी सरकारको माध्यस्थतामा सुल्झाउनमा नेपाली राजा आफ्नो सहमति व्यक्त गर्छन्।
- कम्पनी सरकारको तर्फबाट अनुमति प्राप्त नगरी नेपाल सरकारले कहिल्यै पनि कुनै अंग्रेज, युरोपियन वा अमेरिकी नागरिकहरुलाई आफ्नो सरकारको सेवामा राख्न पाउने छैनन्।
- दुई देशका बीचमा शान्ति तथा मैत्रीको वातावरणलाई चिरकालसम्म कायम राखिराख्नका निम्ति एक अर्काको देशमा अधिकार सम्पन्न आफ्ना वकिल (राजदूत) हरु राख्न दुवै पक्ष सहमति व्यक्त गर्छन्।
- नौ धारा भएको यस सम्झौतापत्रमा नेपालका राजाले आजको १५ दिनभित्र आफ्नो मोहर लगाई लेफि्टनेन्ट कर्णेल पी ब्राडसालाई बुझाइसक्नेछन् र उनले २० दिनभित्रमा जतिसक्दो चाँडो कम्पनी सरकारका गभर्नर जनरलको तर्फबाट मोहर दस्तखत गराई नेपाल सरकारलाई सुम्पिदिनेछन्।

(सुगौली सन्धिमा विवाद नभएका भूभाग समेत इस्ट इन्डिया सरकारलाई बुझाउने व्यवस्था भएपछि नेपालले यस सन्धिमा परेका केही धाराप्रति असन्तुष्टि राख्यो । असन्तुष्टिलाई सम्बोधन गर्नका लागि नेपालले गुमाएका तराईका भूभाग फिर्ता गर्ने गरी सने् ८ डिसेम्बर १८१६ मा अर्को पुरक सन्धि भएको थियो। यस सन्धिले कोसी र राप्ति बीचको तराई फिर्ता भयो। मूल सन्धिको धारा ४ को प्रावधानलाई खारेज गरियो। बर्दियासहितका केही भूभाग पनि फिर्ना गरिएका थिए।

## संसदभित्र...

तुरून्त आरम्भ होस् ।' यद्यपि नेपाल सरकारले यस विषयलाई गम्भीरताका साथ लिएर भारतसँग छलफल र कुराकानीका लागि पटकपटक प्रयास र पहल गरिरहेको बताइएको छ। यो बीचमा नेपालका लागि भारतका राजदूत मञ्जिभसिंह पुरीको कार्यकाल समाप्त भएको तथा अर्का राजदूत विनयमोहन क्वात्रा भर्खरै आएकाले वार्ताका लागि केही समय लम्बिन गएको अनुमान गरिएको छ।

नेपाल-भारत सीमासम्बन्धी काम गर्न स्थायी संयन्त्रका रूपमा प्राविधिक समिति छ। कोसीपूर्व, नारायणीपूर्व, कर्णालीपूर्व र सुदूरपश्चिम क्षेत्रलाई कार्य विभाजन गरेर दुई देशबीचको संयुक्त सीमा निरीक्षण टोलीले पहिलो निरीक्षण सकेको जानकारी दिइएको छ। नेपाल भारतबीच रहेका आठ हजार ५ सय ५३ सीमास्तम्भ निरीक्षण गर्नुपर्नेमा हालसम्म आठ हजार ५७ को काम सकिएको जनाइएको छ।

निरीक्षण सम्पन्न गरिएका सीमास्तम्भमध्ये मर्मत गर्नुपर्ने देखिएका तीन हजार १४ मध्ये हालसम्म एक हजार ६ सय ९८ मर्मत भइसकेको परराष्ट्रमन्त्री वैरागीले जानकारी दिए। त्यसैगरी निर्माणका लागि यकिन भएका पाँच हजार ४३ थानमध्ये दुई हजार ३५ वटाको काम सम्पन्न भएको छ। चालू आर्थिक वर्षमा १ सय ५५ वटा सीमास्तम्भ निर्माण गरिएको तथा १५ वटा मर्मत भएको समितिलाई जानकारी दिइयो । 'कन्ट्रोल नेटवर्क' माध्यमबाट ३९ सीमास्तम्भ 'जिएनएस सर्भे' सम्पन्न भएको छ । नवलपरासीको सुस्ता र कालापानी क्षेत्रबाहेक भारतसँग वैज्ञानिक प्रविधिबाट १ सय ८२ थान नक्सा तयार भएको अवस्था रहेको पनि जानकारी दिइएको छ । ती नक्सामा हस्ताक्षर गर्न भारतले आग्रह गरे पनि नेपालले भने कालापानी र सुस्तालगायत सबै क्षेत्रको नापजाँच गरी सीमासम्बन्धी सम्पूर्ण काम नसकिएसम्म हस्ताक्षर नगर्ने अडान राख्दै आएको छ।

## कोरोना...

शरीरमा छिर्न सक्छ। त्यसले पहिला तपाईंको घाँटीभित्रका कोष, सासनली र फोक्सोलाई असर गर्न थाल्छ। बिस्तारै ती अङ्ग कोरोनाभाइरस उत्पादन गर्ने कारखानाजस्तै बन्न पुग्छन् र धेरै भाइरस उत्पादन हुन थाल्छन्। तिनले तपाईंका थप कोषलाई आक्रमण गरेर तिनमा आफ्नो अधिकार स्थापित गर्छन्।

प्रारम्भिक अवस्थामा तपाईं बिरामी पर्नुहुन्न। केही मानिसलाई त कहिल्यै कुनै लक्षण नै देखिँदैन । भाइरस स्थापित हुने सङ्क्रमणकालीन अवधि सरदर पाँच दिनको भएको पाइएको छ । कोभिड १९ भन्ने रोग १० मध्ये आठ जनाका लागि सामान्य रोग हो । उनीहरूलाई रुघा लाग्ने र ज्वरो आउने गर्छ । शरीरका अङ्ग दुख्ने, घाँटी दुख्ने र टाउको दुख्ने समस्या हुन सक्छन् । तर ती लक्षण देखिन्छन् नै भन्ने छैन ।

*(बीबीसीबाट)*

## कोरोना रोकथाम...

गरेको छ। चैत ६ गते बसेको आयोगको बैठकले चैत ८ गतेदेखि चैत मसान्तसम्मको लिखित परीक्षा स्थगित गर्ने निर्णय गरेको उपसचिव एकनारायण शर्माले जानकारी दिएका छन्।

लोक सेवा आयोगले सञ्चालन गर्ने निजामती सेवा, सुरक्षा निकाय र संगठित संस्था तर्फका लिखित परीक्षाका कार्यक्रम अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको शर्माले विज्ञप्तिमार्फत जनाएका छन्।

समितिले युरोप, खाडी र कोरोना प्रभाव सबैभन्दा बढी रहेका देशबाट आउनेलाई आजदेखि नेपाल छिर्न प्रतिबन्ध लगाएको छ । सार्वजनिक सवारी साधनमा सिट क्षमताभन्दा बढी यात्रु बोक्न नपाइने नयाँ नियम लागू गरिएको छ । कोरोना संक्रमणको विषयलाई लिएर सामाजिक सञ्जाल तथा सञ्चार माध्यमहरुमा भ्रम सिर्जना हुने खालका गलत सूचनाहरु दिए सरकारले कारबाही गर्ने जनाएको छ।

मानिसहरुको भीडभाड हुने स्थल सार्वजनिक समारोह, डान्सबार र क्लब मात्र होइन, अत्यधिक सेवाग्राहीहरुको भीडभाड हुने सरकारी नापी र मालपोत कार्यालय सरकारले बन्द गराएको छैन । यी कार्यालयहरुमा बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म अचाक्ली भीडभाड हुने गर्छ । अदालत पनि भीडभाड हुने स्थल हो । अदालतलगायत सबै सरकारी कार्यालयहरु केही समय बन्द गराएर उपत्यकालाई लकडाउन गर्नुपर्ने जनस्तरबाट माग भइरहेको छ । त्यस्तै शेयर मार्केटको भीड अन्त्य गर्न यसलाई पनि रोक्न जरुरी छ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

**क्षमा याचना** : गत अंकको हाम्रो पत्रिका प्राविधिक कारणले प्रकाशित हुन नसकेकोमा हाम्रा सम्पूर्ण पाठक, शुचचिन्तक तथा ग्राहकवर्गहरूमा पर्न गएको असुविधाप्रति क्षमा प्रार्थी छौं । – *सम्पादक*